ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः ३४२ ॥ मंगलबार १९ जेठ २०८३ ॥ द्वितीया ॥ ने.सं. ११४६ ॥ अनलाथ्व ॥ Tuesday 2 June 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## डान्स मेरो मनको सेमिफाइनल २४ गते

सुनिता बिष्ट

हेटौंडा/हेटौंडा-४, स्कुल-रोडमा रहेको ड्रिम्स म्युजिक स्कुलले सञ्चालन गरेको *डान्स मेरो मनको* जुनियर सिजन-१ को सेमिफाइनल हुने भएको छ । जेठ २४ गते आइतबार सेमिफाइनल हुने भएको हो । ३० जना सेमिफाइनल प्रवेश गरेका हुन् । सेमिफाइनलमा प्रवेश गरेकाहरुको हाल भोटिङ राउन्ड चलिरहेको छ । फेसबुक पेजमा रहेको *डान्स मेरो मन*मा गएर आफूलाई मनपरेको डान्सरलाई भोट गर्न सकिने आयोजकले जनाएको छ । सेमिफाइनलमा प्रवेश गरेकाहरुमध्ये १५ जना फाइनल राउण्डमा पुग्नेछन् । आउँदो असार २० गते हेटौंडामा हुने फाइनल राउण्डबाट विजेता घोषणा गरिने ड्रिम्स स्कुल सञ्चालक अनन्त खुलालले जानकारी दिए ।

उनका अनुसार प्रथम हुनेलाई नगद ५० हजार रुपियाँ, ट्रफी र प्रमाणपत्रका साथै विभिन्न अफरहरु प्रदान गरिने छ भने दोस्रो हुनेलाई प्रमाणपत्रसहित नगद ३० हजार रुपियाँ, तेस्रो हुनेलाई प्रमाणपत्र र नगद २० हजार रुपियाँ प्रदान गरिनेछ । सान्त्वनालाई अन्य अफरहरु प्रदान गरिने खुलालको भनाइ छ । *डान्स मेरो मनको* जजमा म्युजिक भिडियो तथा टेलिफिल्म निर्माता तथा नृत्य निर्देशक सुवास गहतराज, छमछमी सिजन-४ का विजेता सन्ध्या आचार्य, नृत्य निर्देशक पासाङ लामा छन् ।

# विकास खोज्दै *समृद्ध हेटौंडा बहस*



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिकाले *समृद्ध हेटौंडा बहस* गर्दै हेटौंडाको विकास, सुशासन, उद्यमशीलता तथा आवासीय सहर निर्माणका विविध विषयमा व्यापक छलफल गरेको छ । एक दिवसीय कार्यक्रमअन्तर्गत् विभिन्न क्षेत्रका जनप्रतिनिधि, विज्ञ तथा सरोकारवालाहरुको सहभागितामा बहस भएको हो ।

कार्यक्रमअन्तर्गत् पहिलो सत्रमा *स्थानीय सरकारः जनअपेक्षा, सुशासन र आगामी कार्यदिशा* विषयमा बहस सञ्चालन भएको छ । उक्त सत्रमा हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामा, भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा, पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य तथा ललितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जन सहभागी भइ स्थानीय तहको अनुभव, चुनौती र भावी कार्यदिशाबारे धारणा राखेका थिए ।

बहसमा स्थानीय सरकारप्रति नागरिकका बढ्दो अपेक्षा, सेवाप्रवाहमा पारदर्शिता, सुशासन प्रवर्द्धन, विकास निर्माणका प्राथमिकता तथा संघीय शासन व्यवस्थामा स्थानीय तहको भूमिकालगायत विषयमा केन्द्रित छलफल भएको आयोजकले जनाएको छ । कार्यक्रममा *सिर्जनशील हेटौंडाः संघर्ष, उद्यम र उडान* शीर्षकमा उद्यमशीलता र नवप्रवर्तनका विषयमा बहस भएको छ भने *हेटौंडाको विकास र अबको प्राथमिकता* शीर्षकमा नगर विकासका सम्भावना, पूर्वाधार निर्माण तथा दीर्घकालीन योजनामाथि विमर्श गरिएको छ ।

*सुसंस्कृत, समावेशी र आवासीय सहर* विषयक अन्तिम सत्रमा व्यवस्थित सहरीकरण, सामाजिक समावेशिता, सांस्कृतिक संरक्षण तथा गुणास्तरीय आवासीय वातावरण निर्माणका विषयमा छलफल भएको थियो । हेटौंडाको समग्र विकासका लागि आवश्यक नीति, योजना र कार्यान्वयनका पक्षमा साझा धारणा निर्माण गर्ने उद्धेश्यले आयोजना गरिएको *समृद्ध हेटौंडा बहस*ले नगरको भावी विकास मार्गचित्र तय गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । कार्यक्रममा विभिन्न क्षेत्रका बुद्धिजीवी, व्यवसायी, नागरिक समाजका प्रतिनिधि तथा सर्वसाधारणको सहभागिता थियो । कार्यक्रमको उद्घाटन बागमती प्रदेश प्रमुख दीपकप्रसाद देबकोटाले गरेका थिए । कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ लगायतको आतिथ्यता थियो ।

## 'नाम निकाले आर्थिक अभावले पढाइ रोकिँदैन'

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सीमान्तकृत समुदायका जेहेन्दार विद्यार्थीलाई प्रदेश सरकारले छात्रवृत्ति दिएर चिकित्सा तथा इञ्जिनियरिङ शिक्षा पढाउने बताएका छन् ।

नेपाल चिकित्सक संघ केन्द्रीय समितिले आइतबार आयोजना गरेको अल नेपाल मेडिकल कन्फ्रेन्स एनएमए कन २०२६ उद्घाटन कार्यक्रममा उनले बागमती प्रदेश सरकारले सीमान्तकृत समुदायका विपन्न विद्यार्थीलाई निःशुल्क प्राविधिक शिक्षा अध्ययन गर्ने वातावरण बनाउन लागेको जानकारी दिए । उनले भने-यस समुदायका विद्यार्थीले प्रवेश परीक्षामा नाम निकाले आर्थिक अभावका कारण पढाइ रोकिँदैन ।

चिकित्सकीय सेवा महत्वपूर्ण भएको भन्दै मुख्यमन्त्री बानियाँले चिकित्सक मानवरुपी भगवान् हुने भएकाले यस क्षेत्रमा सक्षम र दक्ष जनशक्ति उत्पादन हुनुपर्नेमा जोड दिए । उनले इमान्दार भइ निरन्तर काममा खटिन चिकित्सकलाई आग्रह गरे । संघले पेसागत् हकहितका लागि काम गरिरहेको भन्दै मुख्यमन्त्री बानियाँले प्रशंसा गरे । बागमती प्रदेश सरकारले १३ जिल्लाका प्रदेशस्तरका अस्पतालमा आधुनिक उपकरण जडान गरी उच्चतम् सेवाप्रवाह गर्ने योजना बनाइरहेको बताउँदै उनले यसमा सरोकार भएका निकायको साथ र समन्वयको आवश्यकता औंल्याए । भक्तपुर अस्पतालमा रोबटिक सर्जरी र हेटौंडामा क्याथल्याबसमेत जडान गरी थप विशेषज्ञ सेवा दिन लागिएको मुख्यमन्त्री बानियाँले जानकारी दिए ।

बागमती प्रदेशकी गरिबी सहरी विकासमन्त्री विनु रायमाझी र भरतपुर महानगरपालिका कार्यबाहक प्रमुख चित्रसेन अधिकारीले स्वास्थ्य क्षेत्रको उन्ननयका लागि चिकित्सकले महत्वपूर्ण काम गरिरहेकाले उच्च प्रशंसा गरेका थिए । डा. अनिलविक्रम कार्की अध्यक्ष रहेको यसअघिको कार्यसमितिले आइतबार डा. बद्री रिजालको नवनिर्वाचित कार्यसमितिलाई पद हन्तान्तरणसमेत गरेको थियो । पद हस्तान्तरणसँगै निर्वतमान अध्यक्ष कार्की, नवनिर्वाचित अध्यक्ष रिजाल, चिकित्सक संघ चितवन अध्यक्ष डा. उमेश नेपाललगायतले चिकित्सकका समस्याका र समाधानका विषयमा आआफ्ना धारणा राखे । संघमा रहेर विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउनेलाई सम्मान एवम् पुरस्कृत गरिएको थियो ।

शनिबारदेखि सुरु भएको संघको ३० औं सम्मेलन (कन्फ्रेन्स) वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको सभाहलमा भएको हो । कार्यक्रममा भारत र चीनसहित नेपालभरबाट ३ सय ५० जना सहभागी छन् । सम्मेलनमा प्राथमिक स्वास्थ्य सेवा सुधार, डिजिटल हेल्थ, ग्रामीण स्वास्थ्य पहुँच, स्वास्थ्य बिमा र मानव संशाधन व्यवस्थापन जस्ता विषयमा विशेष सत्रहरु सञ्चालन गरिएको थियो ।

हरेक दुई वर्षमा हुँदै आएको कार्यक्रम १२ वर्षयता तीन वर्षमा गर्न थालिएको हो । नेपालको स्वास्थ्य क्षेत्रमा देखिएका पहुँच, गुणस्तर र लागतसम्बन्धि चुनौतीलाई समाधान गर्न नवप्रवर्तनलाई केन्द्रमा राखेर छलफल गरिएको छ । गरेको आधारभुत स्वास्थ्य अधिकारलाई कसरी सुदृढ बनाउने र स्वास्थ्य क्षेत्रमा विश्वका नयाँ प्रविधि र आविष्कारलाई कसरी जोड्ने भन्ने विषयमा केन्द्रित रहेर वैज्ञानिक प्रस्तुतिकरण गरिएको थियो ।

## रानी वनमा छाडियो सालक

सन्देश संवाददाता

हेटौंडा/रातीको समयमा मकवानपुरगढी-३ धमिलेमा भेटिएको सालकलाई स्थानीयले ईलाका प्रहरी कार्यालय, मकवानपुर गढिमा बुझाएका थिए । कार्यालयका प्रहरी निरिक्षक धर्मेशकुमार यादवले उक्त सालक रानी सामुदायिक वनका कार्यसमिति सदस्य केदार प्रसाद अधिकारीलाई हस्तान्तरण गरेका थिए ।

भेटिएको उक्त सालकलाई रानी सामुदायिक वन उपभोक्ता समूह द्वारा निर्माण गरिएको सालक केजमा हेटौडा उपमहानगरपालिका वडा नं ६ का वडा सदस्य विजय पौडेल, वन समूहका उपाध्यक्ष महेन्द्रकुमार श्रेष्ठ, सदस्य केदारप्रसाद अधिकारी, लेखा संयोजक राजकुमार फुंयाल, सालकको बारेमा अनुसन्धान गरिरहेका विद्यार्थी समिक विष्ट, कार्यालय सचिव भीमसेन पौडेलको रोहवरमा छाडिएको थियो ।

यसअघि पनि समूहले बैशाख २ गते र जेष्ठ १० गते भेटिएको सालकलाई सालक केजमा छाडेको थियो । हिजो सोमबार सो क्षेत्रमा भेटिएको बच्चा सालक ३ किलो ६५० ग्रामको रहेको थियो । समूहले बिगत २० वर्षदेखि सालक जातिलगायतका जिवको संरक्षण गर्दै आएको छ ।

# वाइवाइ महिला यु-१९ बागमती छनौट उपाधि ललितपुरलाई



सन्देश संवाददाता

हेटौंडा/वाइवाइ महिला यु-१९ बागमती प्रदेश छनौट प्रतियोगिताको उपाधि ललितपुरले जितेको छ । सोमबार भएको फाइनल खेलमा ललितपुरले भक्तपुरलाई ६७ रनले पराजित गरेको हो ।

मूलपानी क्रिकेट मैदानमा भएको खेलमा टस जितेर पहिला ब्याटिङ गरेको ललितपुरले १ सय ४० रनको लक्ष्य प्रस्तुत गरेको थियो । ललितपुरको टोलीले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १ सय ३९ रन जोडेको हो । ललितपुरको जितका लागि कप्तान सबिकाकुमारी यादबले सर्वाधिक ६५ रन बनाइन् । देवशारा ठकुल्लाले ३ विकेट र बबिता बिश्वकर्माले २ विकेट लिए । लक्ष्य पछ्याएको भक्तपुरले ७२ रनमात्र बनाउन सक्यो । भक्तपुर १६ ओभर १ बलमा ७२ रनमा अलआउट भयो । भक्तपुरकी चिरायु जीसीले १८ रन र कप्तान पुजा साउदले १४ रन बनाइन् भने अन्य खेलाडीहरुले दोहोरो अंकमा रन जोड्न सकेनन् । बलिङमा भक्तपुरकी शिल्भी नागा र हिमानी तामाङले समान २-२ विकेट लिए । ब्याटिङसँगै उत्कृष्ट फिल्डिङ गरेकी ललितपुरकी कप्तान यादब प्लेयर अफ द म्याच घोषित भइन् ।

जेठ १० गतेदेखि सुरु भएको प्रदेश छनौट प्रतियोगितामा नेपाल क्रिकेट संघ (क्यान) बाट आधिकारिकता पाएका बागमती प्रदेशका ६ वटा जिल्ला मकवानपुर, चितवन, नुवाकोट, ललितपुर, भक्तपुर र काठमाडौंका टिम सहभागी थिए । प्रतियोगिता लिग प्रक्रियामा सञ्चालन भएको थियो । भक्तपुर समूह विजेता र ललितपुर उपविजेताको रुपमा प्रतियोगिताको फाइनलमा प्रवेश गरेको थियो ।

मकवानपुरको महिला टोलीले पहिलो पटक प्रतियोगितामा सहभागिता जनाएको हो । मकवानपुरले पहिलो खेलमा नुवाकोटलाई १० रनले हराएर ऐतिहासिक जित दर्ता गरेको मकवानपुरको कप्तानी रितिका थापाले गरेकी थिइन् । मकवानपुरको टोलीमा दीपिका भट्टराई, सोनीमाया रुम्बा, रोहिनी पाखिन, शुभद्रा योञ्जन, गार्गी अर्याल, इशिका पौडेल, आरोही सापकोटा, शुभना ढकाल र पुजना दाहाल थिइन् ।

सरस्वती अर्याल, सपना सुनार, इशा घिसिङ र गुञ्जन तामाङ टोलीमा थिइन् । प्रशिक्षकमा राम नरेश गिरी र व्यवस्थापकमा सुजिता थापा थिए । प्रतियोगिताको प्रदर्शनका आधारमा बागमती प्रदेशको टोली निर्माण गरिनेछ । प्रदेशको टोलीले शुक्रबारदेखि सुरु हुन लागेको राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउनेछ ।

## विद्यार्थीलाई झोला र खाद्यान्न वितरण

सन्देश संवाददाता

हेटौंडा/मोबाइल एसोसिएसन अफ नेपाल मकवानपुरले आफ्नो १५ औं स्थापना दिवसको अवसरमा सामाजिक उत्तरदायित्वअन्तर्गत १४० जना विद्यार्थीलाई विद्यालय झोला तथा खाद्यान्न वितरण गरेको छ । साथै संस्थाले अभिभावकविहीन ११ जना विद्यार्थीको अभिभावकत्व बहन गर्ने घोषणा गरेको छ ।

मकवानपुरगढी गाउँपालिका-२ मा आयोजित कार्यक्रममा एसोसिएसनका अध्यक्ष हरिप्रसाद न्यौपानेको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जेलामा प्रमुख अतिथि थिए ।

कार्यक्रममा नेपाल मोबाइल व्यवसायी महासंघका केन्द्रीय महासचिव छतेन्द्र आचार्य विशिष्ट अतिथि तथा वडा नम्बर २ का अध्यक्ष बखान सिंह पाखिन, विद्यालयका प्रधानाध्यापक केशव देवकोटा, महासंघका केन्द्रीय सदस्य नवराज चौलागाईं, संस्थाका पूर्व अध्यक्ष दिनेशलगायत अतिथिका रूपमा सहभागी भएका थिए । मोबाइल व्यवसायी तथा संस्थाका सदस्यहरूको समेत उल्लेख्य उपस्थिति रहेको थियो ।

स्थापना दिवसलाई औपचारिक समारोहमा मात्र सीमित नराखी सामाजिक सेवासँग जोड्दै एसोसिएसनले १४० जना विद्यार्थीलाई विद्यालय झोला तथा खाद्यान्न सामग्री वितरण गरेको अध्यक्ष न्यौपानेले जानकारी दिए । उनले शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले अभिभावकविहीन ११ जना विद्यार्थीको शैक्षिक अभिभावकत्व समेत ग्रहण गरिएको बताए ।

प्रमुख अतिथि लामाले निजी क्षेत्रका व्यवसायिक संस्थाहरूले सामाजिक उत्तरदायित्वअन्तर्गत बालबालिकाको भविष्यसँग जोडिएका कार्यक्रम सञ्चालन गरेको कार्यक्रम सकारात्मक कदम भएको उल्लेख गरेका थिए ।






**उखान:** बाघको मुख खाए पनि रातै, नखाए पनि रातै ।

॥ ॥ बेलाको बोली ॥ ॥

मानव मनको सबैभन्दा ठूलो समस्या के हो भनेर सोध्नेलाई म भन्छु, बोली र व्यवहारमा फरक।
- *जगदीश घिमिरे*

# सम्पादकीय

## सुधारउन्मुख बजेट

*अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोडको वार्षिक आयव्यय विवरण संसद्‌को संयुक्त सदनमा प्रस्तुत गरेका छन् । यसपटक (रास्वपा)को सरकारले सम्पूर्णरुपमा क्रान्तिकारी बजेट ल्याउने केही समूहको अपेक्षा भए पनि त्यो पूरा हुनसक्ने अवस्था भने थिएन । त्यसैले यो बजेट पुराना सरकारहरुले ल्याएका बजेटकै निरन्तरतामा आएको छ । यद्यपि, बिगतका केही वर्षदेखि देखापरेको अलमल चिरेर खुला र उदार आर्थिक व्यवस्थाप्रतिको पक्षमा बजेटले केही सकारात्मक पहल गरेको छ । अन्य क्षेत्रमा सरकारले देखाएजस्तो 'रोमाञ्चक दुस्साहस' यस बजेटमा भने गरेको देखिएन ।*

*प्रस्तुत बजेटमा सबैभन्दा सकारात्मक प्रभाव मध्यमवर्गलाई पारेको देखिन्छ । दस लाखसम्मको आयमा आयकर नलाग्ने प्रावधानले धेरै वेतनजीवी मध्यमवर्गलाई सहुलियत भएको छ । सरकारी कर्मचारी हरुको पनि तलब दस प्रतिशत बढेको छ र कार्य सम्पादनको आधारमा थप दस प्रतिशतसम्म प्रोत्साहन भत्ता बढ्ने प्रावधान छ । करयोग्य न्यूनतम आयको सकारात्मक वृद्धि र कर्मचारीको तलब वृद्धिले तिनको क्रयशक्ति केही बढ्ने हुनाले बजारमा यसको सामान्य सकारात्मक संकेत देखिनसक्छ । मध्यम वर्गका लागि महत्वपूर्ण मानिने क्षेत्र शिक्षा पनि हो । तर, यस वर्षको बजेटले शिक्षामा ठूलो लगानी गर्न सकेन । रास्वपाको सरकारले शिक्षालाई धेरै महत्व दिने र शिक्षकको तलबको सबैभन्दा बढी हुने प्रचार गरे पनि यस क्षेत्रमा परम्परालाई नै निरन्तरता दिइएको छ ।*

*यताउतिका नीति नियमहरु परिवर्तन गरेर केही मात्रामा राजस्व वृद्धि हुने दाबी गरिए पनि चालु आर्थिक वर्षमा पनि राजस्वको लक्ष्य पुग्ने देखिंदैन । आगामी वर्षमा पनि राजस्व अनुमानभन्दा कम हुने, आन्तरिक ऋण घोषणाभन्दा बढ्ने, वैदेशिक सहयोग कम आउने र महंगो ऋण लिएर सरकार चलाउनुपर्ने बाध्यताबाट यो बजेट पनि अछुतो रहने छैन । यतिका चुनौती हुँदाहुँदै पनि केही सुधारका संकेतहरु देखिएकाले बजेटलाई सकारात्मकरुपमा लिन सकिन्छ । यद्यपी कार्यान्वयन पक्षको चुनौतीपूर्ण अवस्थाको बारेमा त केही समय कुर्नुपर्ने हुन्छ ।*

## मकवानपुरमा आज

१: जानकारीमा नआएको ।

## तपाईंको आज

**मेष** – रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। तर बलजफ्ती गर्ने बानीले साथीभाइ खानपानमा अलि सजग रहनुहोला ।

**बृष** – परिश्रम परे पनि कम प्रतिफल प्राप्त हुनेछ । मुस्किलले काम बने पनि उठ्नुपर्ने रकम अड्किन सक्छ भने सामान्य फाइदा भइनै रहनेछ।

**मिथुन** – सजग नहुँदा आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । आवश्यकता पूरा गर्न सरसापट पछिका लागि लगानी गर्न सकिनेछ।

**कर्कट** – प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ गने योग छ।

**सिंह** – पेसा-व्यवसायमा फाइदा उठाउन सकिनेछ। आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । व्यापारबाट मनग्य धनलाभ हुनेछ।

**कन्या** – मित्रता र प्रेमको बन्धन कसिनेछ भने शुभचिन्तकहरूको सहयोग प्राप्त हुनेछ । भौतिक साधन जुट्नेछन् । व्यापारमा आम्दानी बढाउन सकिनेछ ।

**तुला** – अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ । बेसुरमा बोल्ने बानीले गोपनीयता भंग हुन सक्छ। विशेष योजना सार्वजनिक नगर्नुहोला।

**बृश्चिक** – मिहिनेत गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ । तर, अरूका काममा समय खर्चनुपर्दा आफ्ना काम रोकिन आफन्तबाट टाढिनुपर्ने हुन सक्छ।

**धनु** – समय लागे पनि काम बन्नेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। विशेष उपहार प्राप्त हुन तथा मनोरञ्जनमा समय बित्नेछ ।

**मकर** – काम पूरा नभए पनि दोहोऱ्याएर प्रयत्न गर्दा केही लाभ हुन सक्छ। सामुदायिक जिम्मेवारी वहन गर्ने हुने काम हातलागी हुन सक्नेछ।

**कुम्भ** – प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ला । सम्भावना पनि सोचेको उपलब्धि प्राप्त नहुन कामकै लागि दौडधुप गर्नुपर्नेछ।

**मिन** – चुनौतीभित्र अवसर खोज्ने समय छ। उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । समस्या दर्साउँदा सहयोगीहरूको साथ पाइनेछ।

## हाम्रो सम्पर्क ठेगाना

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# पुँजी बजारलाई बजेट कति सकारात्मक ?



✍ नरेन्द्रमान श्रेष्ठ



आर्थिक वर्ष २०८३/०८४ को बजेट धितोपत्र बजारका लागि 'हात्ती आयो हात्ती आयो फुस्सा' जस्तै भएको छ । बालेन नेतृत्वको रास्वपाको एकल सरकार बनेदेखि नै सेयर बजार को अवस्था निराशाजनक भइरहेको थियो। कतिपय लगानीकर्ताहरू आर्थिक वर्ष २०८३/०८४ को बजेट भाषण यसै आशामा पर्खिरहेका थिए कि बजेटले सेयर बजारका लागि केही सकारात्मक नीतिहरू ल्याउनेछ। तर, लगानीकर्ताहरूले अपेक्षा गरे अनुरूपको बजेट आएन । रास्वपाका विद्वान् अर्थमन्त्रीको नेतृत्वमा तयार पारिएको बजेट विगतकै नीतिहरूको निरन्तरता जस्तो मात्र देखिएको छ।

यद्यपि, यसपालिको बजेटले पुंजी बजारका लागि केही सकारात्मक कुराहरू पनि ल्याएको छ। बजेटले पुंजीगत लाभकरलाई नै अन्तिम करका रूपमा मान्यता दिने व्यवस्था गरेको छ, जुन सकारात्मक कदम हो । तर, अर्कोतर्फ पुँजीगत लाभकरको दर भने बढाइएको छ, साविकमा ५ प्रतिशत लाग्दै आएको करलाई ७.५ प्रतिशत र ७.५ प्रतिशत लाग्दै आएको दरलाई १० प्रतिशत पुऱ्याइएको छ । त्यसै गरी गैरआवासीय नेपाली (एनआरएन) हरूलाई सेयर बजारमा भित्र्याउने घोषणा गरिएको छ । यो विषय विगतका सरकारहरू र बजेटमा पनि निरन्तर भन्दै आएका हुनाले यसमा कुनै नयाँपन देखिँदैन ।

यसपालिको बजेटमा सेयर बजारभित्र सोही दिन गरिने सेयर खरिद-बिक्री (एकाधिन कारोबार), आफूसँग नभएको सेयर बेचेर पछि सस्तिएको बेला किन्ने सुविधा (बिनाधितो बिक्री) र वित्तीय व्युत्पन्न उपकरण (डेरिभेटिभ्स) जस्ता अन्तर्राष्ट्रिय अभ्यासहरू थालिने उल्लेख छ । यस्ता आधुनिक उपकरणहरूले नेपाली सेयर बजार को दायरा फराकिलो बनाउने, कारोबार रकम बढाउने र बजारमा तरलताको अभाव हुन नदिने तर्क सरोकारवालाहरूले गर्दै आएका छन् ।

यसैगरी, नेपाल टेलिकममा सरकारको स्वामित्व ६६ प्रतिशत कायम राखेर बाँकी ३४ प्रतिशत सेयर सर्वसाधारणका लागि जारी गर्ने नीति बजेटमा समेटिएको छ । यसले बजारमा सेयरको आपूर्ति अत्यधिक बढाउनेछ । सेयरको आपूर्ति यसरी बढेमा बजारले त्यसलाई धान्न नसक्ने र यसले समग्र बजारमा नकारात्मक असर पार्ने देखिन्छ । राष्ट्रिय बिमा संस्थानको सेयर पनि सर्वसाधारणमा जारी गर्ने घोषणा गरिएको छ। त्यसो त विगतमा बैंक तथा वित्तीय संस्थाहरू एकआपसमा गाभिने (मर्जर) प्रक्रियाले गर्दा बजारमा सेयरको आपूर्ति पहिले नै उच्च भई बजारले गति हुन नसकिरहेको अवस्था छ । यस कारणले पनि नेपाल टेलिकम र राष्ट्रिय बिमा संस्थानको थप सेयर जारी भएपछि बजार ले त्यसको चाप धान्न सक्ला त ? भन्ने गम्भीर प्रश्न खडा भएको छ ।

झन्डै दुईतिहाइ बहुमत नजिकको एकल बलियो र स्थायी सरकार हुँदाहुँदै पनि सेयर बजार किन बढ्न सकिरहेको छैन त ? भन्ने आमलगानीकर्ताहरूको भनाइ रहेको छ। कतिपय विश्लेषकहरू बैंकको ब्याजदरले सेयर बजारमा प्रभाव पार्ने बताउँछन्। बैंकको ब्याजदर र धितोपत्र बजारबिच विपरीत सम्बन्ध रहने आममान्यता छ। अर्थात्, बैंकको ब्याजदर बढेमा सेयर बजार घट्ने र ब्याजदर घटेमा सेयर बजार बढ्ने गर्दछ। यदि त्यसो हो भने, अहिले बैंकहरूको ब्याजदर निरन्तर घटिरहँदा पनि नेप्से परिसूचक र कारोबार रकम दुवै बढ्न नसक्नु विरोधाभासपूर्ण छ। कतिपय बैंकहरूले त आफ्नो ब्याजदर एकल अंकमा समेत झारिसकेका छन् ।

यसरी ब्याजदर सस्तो हुँदा पनि नेप्से परिसूचक २ हजार ७०० देखि २ हजार ८०० अंकको लाइनमा घुमिरहेको छ र यसले २ हजार ९०० अंकको विन्दु पार गर्न सकेको छैन । पछिल्लो समय सेयर बजारका लागि अनुकूल वातावरण बनिरहेको छ। बैंकमा पर्याप्त तरलता रहेको र र कमको कुनै अभाव नरहेको सरोकारवालाहरू बताउँछन् । देशमा एकल दुई-तिहाइ नजिकको स्थिर सरकार छ, तर पनि सेयर बजारले गति लिन सकिरहेको छैन । के बालेन सरकारलाई सेयर बजारले नपत्याएको हो ? के बजारले विद्यावारिधि (पिएचडी) गरेका, विदेशमा पढेका स्थापित अर्थशास्त्री अर्थमन्त्री डा.स्वर्णिम वाग्लेलाई नपत्याएको हो ? कतिपय लगानीकर्ताहरूले त व्यंग्य गर्दै सेयर बजार सुधारका लागि पुन: विष्णु पौडेल नै अर्थमन्त्री हुनुपर्ने हो कि भन्नेसम्मका टिप्पणी गर्न थालेका छन्। विगतमा विष्णु पौडेल अर्थमन्त्री रहँदा सेयर बजार झकास नै थियो ।

पिएचडी होल्डरहरू अर्थमन्त्री हुँदा सेयर बजार राम्रो नभएको इतिहास छ । पिएचडी होल्डर डा. बाबुराम भट्टराई अर्थमन्त्री हुँदा सेयर बजार लगभग ध्वस्त नै भएको थियो । त्यस्तै डा. युवराज खतिवडाको कार्यकालमा पनि बजार ले गति लिन सकेन । वर्तमान अवस्थामा डा. स्वर्णिम वाग्ले अर्थमन्त्री हुँदा पनि सेयर बजार त झन् घटिरहेको छ । पछिल्लो समय नेप्से मात्र होइन, कारोबार रकममा समेत गिरावट आइ–रहेको छ। जानकारहरूका अनुसार सेयर बजार राम्रो हुनका लागि सरकार, अर्थ मन्त्रालय र केन्द्रीय बैंकको गभर्नर पनि सेयर बजारप्रति सका–रात्मक हुन पर्दछ र सरकार सेयर बजार मैत्री हुनुपर्छ।

नेप्से कहिले बढ्छ त कहिले घट्छ, यो सधैँ एकैनासको रहँदैन । सेयर बजार भनेको विष्णु भगवान्को चक्र जस्तै हो भनेर पनि भन्ने गरिन्छ। यो घुमिरहन्छ, कहिले मन्दी (बियरिस) मा त कहिले तेजी (बुलिस) ट्रेन्डमा । सेयर बजार घटबढ नहुँदा लगानीकर्ताहरूले कसरी लाभ लिने त ? यस कारणले पनि सेयर बजार मा उतारचढाव भइरहने प्रक्रियालाई सामान्य रूपमा लिनुपर्ने हुन्छ । यो बजारको सुन्दरता (ब्युटिनेस) नै हो भन्दा पनि फरक नपर्ला। नेप्से ३ हजार २०० अंकसम्म पुगेको पनि थियो भने १ हजार ८०० अंकमा ओर्लेको पनि थियो । शायद नेप्से ३ हजार २०० अंक पुगेको नेपालको सेयर बजारको इतिहासमा पहिलो नै हो भन्दा फरक नपर्ला।

कतिपयको बुझाइमा नेप्से धेरै बढेपछि नेपाल राष्ट्र बैंकले विभिन्न नीतिगत कडाइ (ब्रेक) लगाउँछ। नेप्से ३ हजार २०० अंक पार गर्दा धेरै नयाँ लगानीकर्ताहरू सेयर बजारमा छिरेका थिए । तिनीहरूका लागि 'चोक्टा खान गएकी बुढी झोलैमा डुबेर मरी' भन्ने उखान जस्तै भयो । ३ हजार २०० अंक हुँदा बजार छिरेका लगानीकर्ताहरूले अहिलेसम्म पनि आफ्नो लगानी विन्यास (पोर्टफोलियो) को सही व्यवस्थापन गर्न सकिरहेका छैनन्। सरकार सेयर बजार मैत्री हुनुपर्छ। सरकार, अर्थमन्त्री र सेयर बजारका नियामक निकायहरू सेयर बजार प्रति सकारात्मक भए मात्र सेयर बजारले गति लिन सक्छ। त्यसो त कतिपय सेयर बजारका लगानीकर्ता हरू पनि सचेत नभएका हुन् कि भन्ने देखिन्छ। सेयर बजारका लगानीकर्ताहरू सेयर बजार प्रति जानकार, सचेत र धैर्य गर्न सक्ने हुनुपर्दछ।

*साभार : सौय अनलाइन*

# धूम्रपान र मानव धन



✍ अच्युतप्रसाद पौडेल

मे ३१, जेठ १७ लाई धूम्रपानरहित दिवसका रूपमा मनाइन्छ । संसारले सुर्ती र सुर्तीजन्य पदार्थ उत्पादनका लागि धेरै रकम लगानी गरेको छ। यसबाट मनग्य राजस्व उठ्ती पनि भएको छ। यसबाट बिग्रेको स्वास्थ्य र त्यसको उपचार का लागि पनि राज्यले लगानी गरिरहेकै हुन्छ। असल स्वास्थ्य, स्वस्थ नागरिक राज्यको धन हो, उर्वर जनशक्ति हो, रोग लागेर उपचारभन्दा रोग लाग्नै नदिनु महान्ता हो । कसैले चुरोट, तमाखुलाई फेसनका रूपमा प्रयोग गर्ने गरेका छन् । हिजोआज रेस्टुराँ, क्याफेहरूमा आधुनिक हुक्का सजाइएको देखिन्छ, समूह बनाई पालैपालो धूवाँ तानिरहेको दृश्य पंक्तिकारले धेरै देखेको छ। दुई दिनको बिदा, अझ लगातारको बिदाले नयाँ पिँढीलाई यसतर्फ बढी अग्रसर गराएको देखिँदै छ । कतिले कार्यालय वर्किङ स्थल रेस्टुरममा गएर धूवाँ उडाइरहेका पनि देखिएको छ । आवश्यकताले बजार चल्ने हो। दुई हप्ताअघिको कुरो हो, काठमाडौँको पहिले ग्रामीण परिवेशको एक अर्ग्यानिक होटल भनिएकोमा सत्संग, पुस्तक विमोचन भनेर गएको, त्यहीँ हुक्काहरूको बढी जमात, बढी होहल्ला र धूवाँले बसिसक्नु थिएन। तर, आकर्षणका लागि होटललाई अर्ग्यानिक बनाउन पर्खाल, छानो, कोठा सबै वाललाई परम्परागत निगालो, छ्वाली, चित्रो, मान्द्रो, खरहरूले सुसज्जित गराइएको देखिन्थ्यो ।

हिजोआज दुर्घटनाहरूबाट मानव जीवन धेरै खेर गएको छ, दुर्घटना प्राकृतिक र मानवनिर्मित दुवै छन् । धूम्रपानले पनि धेरैको ज्यान लिने गरेको छ। दुर्घटनाजस्तो तुरुन्तै नर संहार गर्दैन धूम्रपान भनौं सुर्ती र सुर्तीजन्य पदार्थले । यसले त बिस्तारै शरीरका अंगलाई शिथिल पार्छ, मुटु, फोक्सो, मस्तिष्क र धेरै अन्य अंगहरूलाई । पूर्वीय दर्शनले चुरोट, खैनी वा सुर्ती, मदिरा अनि गाँजा सेवनलाई दुर्व्यसनको रूपमा लिएको छ। दुर्व्यसनीको शरीर शुद्ध हुन्न, सोच पनि अधुरो हुन्छ, सकारात्मकभन्दा नका–रात्मक ऊर्जा बढी हुँदा चिड्चिडाहट, अव्यवस्थित जीवनशैलीका कारण लक्ष्य पनि अपुरो नै हुन्छ।

पहिले दुव्यर्सनीहरू बहुतै कम हुन्थे, हिजोआज महिलाहरूमा पनि यसको सेवन बढेको छ । किशोर-किशोरीको संख्या पनि बढेको छ, यसको सेवनमा । सुर्ती र सुर्तीजन्य पदार्थले सेवन गर्नेलाई मात्र आघात गर्दैन, बरु नजिकको साथी, भनौं समग्र वातावरण, पर्यावरणलाई नै यसले खुला चुनौती दिन्छ । विश्व स्वास्थ्य संगठनले वर्षका नाराहरूमा धूम्रपानरहित दिवस, वातावरण स्वच्छतासमेत भन्ने गरेको छ। वात भनेको हावा र आवरणको अर्थ हुन्छ, त्यसको ढकनी भनौं ढाकेको बाहिरी भाग । हरेक वर्ष वातावरण संरक्षण हेतु संसारमा जून ५ लाई विश्व वातावरण दिवसको रूपमा मनाइन्छ । वातावरण बिग्रेकाले अहिले जलवायु संकट हुँदा संसार नै भयभीत भइरहेको छ। कतिपय दिवसले सार्थकता पाएका छैनन् र त धूम्रपानकै कारण पनि विश्वमा बर्सेनि मृतक संख्या ७७ लाखभन्दा बढी छ । धूम्रपान नगरौं, यो खराब छ भनिन्छ, हरेक विज्ञापनमा, चुरोटलगायत अन्य विषयका खोल, बट्टाहरूमा लेखिने गरेको छ । तर सेवन घटेको छैन, राजस्व त घट्ने कुरै भएन। सरकार ले यसैबाट ठूलो मात्राको कर उठाएको हुन्छ, तर जति लिइनुपर्ने थियो यसमा कर लिइएको देखिन्न । सुर्ती सेवन, गुट्खा, खैनी, चुरोटले मुखको क्यान्सरसमेत हुन्छ, मुख गनाउने त छँदै छ, फोक्सो, आन्द्रा र समस्त मेटाबोलिजम प्रणालीमै असर पारेको हुन्छ। स्वास्थ्य सेवालाई यो चुनौती नै हो, तर पनि न सरकारको आँखा खुलेको छ, न सेवन गर्नेहरूको नै ।

सुर्तीमा ७ हजार प्रकारका हानिकारक रासायनिक पदार्थ हुन्छ । सुर्तीले वरिपरिको वातावरण र जीवजन्तुलाई पर्ने प्रभावको आकलन नै गर्न सकिन्न । यो घातक छ, यसको धूवाँले पार्ने असर झन् बढी घातक छ। संसारमा झन्डै ८ अर्ब मानिस छन्, सबैले यसको प्रयोग त गर्दैनन् तर बर्सेनि ६० खर्ब बढी खिल्ली चुरोट उत्पादन हुन्छ र खेर फालिएको छैन। मानिसले यसलाई सोखका रूपमा हेरेको छ, तर आफ्नो पूरै कोठा वा परिवेश एस्ट्रे बनाएको थाहा छैन। चुरोट जल्छ, मान्छे पनि जलिरहेछ, मन्द विषको रूपमा । विश्वमा १५ वर्षमाथिका १ अर्ब १० करोड बढी मानिसले नित्य सुर्ती सेवन गर्छन्, एक सर्वेक्षणले बताएको हो। नेपालमा ३८ लाख बढी व्यक्तिले सुर्ती सेवन गर्छन् र धूवाँसहितको सुर्ती सेवन गर्नेहरू त २८ लाखभन्दा बढी छन्। सुर्ती खेती, बिरुवा हुर्काउँदा, बाली भित्वयाउँदा, प्रशोधन गर्दा, बिक्री-वितरणलगायत हरेक पाइलाहरूमा यसको नकारात्मक प्रभाव छोडिरहेको हुन्छ, सीधा आँखाले नदेखिने हुँदा मानिसले यसतर्फ ध्यानै दिँदैन । चुरोटको खोल, त्यसको बट्टा पनि हानिकारक हुन्छ, ठुटा फालिएको ठाउँको माटो परीक्षण गरी हेरियो भने चुरोटमा पाइने घातक रसायन हाइड्रोकार्बन भेटिन्छ । प्राय: मानिसहरूले यसलाई खुला स्थानमा, कुनाकानी, शौलालय, रेस्टरुमहरूमा छोडेका हुन्छन्, सडकपेटीमा त कति हामीले देखेका छौं, त्यसलाई हावाले उडाएर अन्यत्र लग्ने, अन्त्यमा ढल, पानीका स्थलहरूमा जाने गर्छ। कतिपय पानीको मुहानमा पुग्दा आम सर्वसाधारणले त्यसको नजानिँदो प्रयोग गरिरहेको हुन्छ भने एक बट्टा चुरोटलाई माछाहरू भएको पानीपोखरीमा एक दिन राखियो भने यसबाट पानीमा घुलेको र सायनले चार दिनमा पोखरीका आधा माछा मरि सकेको हुन्छ, सुर्तीमा भएका साइनाइड, मर्क–रीजस्ता रसायनका कारण। चुरोटको खोल बनाउन रुखबिरुवा, वनस्पतिको आवश्यकता पर्छ, त्यसले पर्यावरण संरक्षण गर्दैन, चुरोटको खिल्लीमा चिसोको ओस नलाग्न प्लास्टिकजस्तै नगल्ने पदार्थको प्रयोग गरिएको हुन्छ, जसले पनि मानव स्वास्थ्यलाई हानि गराउँछ । खोलको पोलिमर, सेलुलोज एसिटेटजस्ता घातक वस्तुहरू त्यसमा हुन्छन्। बट्टाहरू पानी वा माटोमा राख्दा, जलाउँदा त्यसको असर गम्भीर रूपमा जीवजन्तु, समग्र वातावरण मात्रै होइन, इकोसिस्टममै पर्छ ।

विषादी प्रयोग नगरे तरकारी, फलफूल, अनाज केही बचाउन नसकिने अवस्था छ अहिले, माटो अम्लीय भई उब्जनीमा कमी भएको छ। त्यसका लागि फर्टिलाइजर प्रयोग गर्दा समस्त वातावरणमै असर परेर मानव स्वास्थ्य थप जोखिममा परेजस्तै सुर्तीखेतीबाट मानव स्वास्थ्य कडा जोखिममा छ अहिले। कडा विषादी प्रयोग नगरे सुर्ती नै उत्पादन हुन्न । सुर्ती खेती गर्न, हुर्काउन, जोगाउन मिथाइल ब्रोभाइड, एल्टिक्राबजस्ता कैयन् विषादीको प्रयोग गरिन्छ। संसारमा ५३ लाख हेक्टर बढी जमिनमा सुर्ती खेती गरिन्छ, यति बाली तयार गर्न २२ अर्ब टन बढी पानीको खपत हुने गरेको छ । यसबाट संसारमा ३ करोड २४ लाख मेट्रिक टनभन्दा बढी सुर्ती उत्पादन हुन्छ। सुर्ती खेती गरिएको जमिनको माटो रुखो हुन्छ, अन्य उत्पादनमा सहयोगी नहुन सक्छ। गाँजा खेती पनि खुल्ला छ अहिले संसारका धेरै देशमा, हामीकहाँ लागूऔषधका रूपमा हेरिएको छ, लुकीछिपी यहाँ पनि गाँजा खेती हुने गरेको छ । तर, यसलाई औषधीय गुणमा प्रयोग गर्ने गरी गाँजाखेती, व्यापार, ओसारपसार खुला हुनुपर्छ, यसबाट देश धनी हुन्छ भनी केही मासिहरू खुलेर लागेका छन्, लबिङ गरिरहेका छन्। यहाँ धान, मकै, गहुँ, तोरी, भटमास, उखु, कोदो, मास, मुसुरोलगायत कृषिका उब्जनी बा वनौषधि, जडीबुटी छोडेर खुलेर गाँजाखेतीको अभियानमा लागेको पनि देखियो, विदेशीहरूको नक्कलमा परेर । उनीहरूसँग नियमन गर्ने संयन्त्र बलियो छ, हामीकहाँ नियमन गर्ने प्रशासन यन्त्र शिथिल छ। सुर्तीलाई अन्य बालीको भन्दा ६ गुणा बढी पोटासियम चाहिन्छ। सुर्ती खेती गरिने जमिनमा अन्न बाली लगाउने हो भने संसारका २ करोड बढी मानिसलाई एक वर्षसम्म खाद्यान्न आपूर्ति सहज हुन्छ । संसार भोकमरीको संकटमा छ, सुडानलगायत अन्य देशहरूमा। हामी खाद्यान्न आयातमा छौं, महँगोमा। रुस-युक्रेनको झगडा, हमास-इजरायल-पश्चिम एसियाको झगडा, त्यसबाट इन्धन आपूर्तिको समस्या, सबै बजार महँगो, खाद्यान्न, तेलहन, दलहनमा जटिल समस्या भोग्दै छौं हामी ।

सुर्ती प्रशोधन गर्दा, चुरोट, खैनी बनाउँदा अत्यधिक कार्बन डाइअक्साइड उत्सर्जन गर्नुपर्ने हुन्छ, जति धेरै कार्बन उत्सर्जन गरियो त्यति नै वातावरण असन्तुलित हुँदै जान्छ। जलवायु संकट त्यत्तिकै आएको होइन, बेमौसमी वर्षा, अतिवृष्टि, अनावृष्टिले मानव जीवन र समग्र कृषि प्रणालीमा गम्भीर असर पारेको छ, गलेको छ जमिन, बगाएको छ बाली र मान्छे पनि। विश्वमा जति कार्बन उत्सर्जन भएको छ सुर्तीजन्य उद्योग हरूबाट, ९० प्रतिशत यस्ता उद्योग अविकसित देशमै छन्, विकसितभन्दा अल्पविकसित, अविकसित देशबाट कार्बन डाइअक्साइडको आयतन यहीँ धेरै छ। एक जना मान्छेले चुरोट खाई उडाएको धूवाँको कार्बन डाइअक्साइड न्यून गरी अक्सिजन पूर्ति गर्न लगातार १० वर्षसम्म १ सय ३२ वटा रुख, बोटबिरुवा रोप्नुपर्ने हुन्छ। यहाँ पूर्वाधारका नाममा रुख कटान बढी छ, विमानस्थल, बाटाघाटा भन्दै डोजरे विकास, वनको नाश हुँदै छ। पेट्रोलियम पदार्थ त्यो पनि अधिक मूल्यको आयात गरेर जीवन नीरस बनाइएको छ । उर्वर जमिन, जल, जंगल, जडीबुटीको सदुपयोग भएको छैन, उर्वर खेतीलाई बिर्सेर कंक्रिटको भ्युटावरमा छौं हामी, रुख मेटाउँदै बाटो, पिच, गाउँबस्ती उजाड, खाद्यान्नको उत्पादनमा कमी धेरै छन्, पछिल्ला दशकहरूको हाम्रो कथित प्रगति र विकासको अवधारणा । घातक रोगहरू, नयाँ किसिमका भाइरसहरू देखा परेका छन्। जलमा जलचर बस्न नसक्ने भएका छन् । धर्ती दोहन गरी जमिनमुनिको पानीको संकट निम्त्याइएको छ, सहरमा हरियाली छैन, फोहोर छ, नाली छ, धारामा सफा पानी छैन । वातावरणको असहजतालाई हेर्दा पनि धूम्रमानर हित जीवन कम जोखिमपूर्ण हुन्छ । सुर्ती मात्रै मन्द विष होइन, अरू बानीबेहोरा पनि हाम्रो शुद्ध हुनुपर्छ । खानाकै कारण जनस्वास्थ्यमा गम्भीर संकट छ। फास्टफुडको प्रयोग बढेको छ। बिस्कुट, कुकिज, समोसा, चिप्स, केक, पिजा, मःम यी सबैमा ट्रान्सफ्याट बढी हुन्छ ।

*साभार : कारोबार दैनिक*

# आयोजनाहरु तीव्रगतिमा कार्यान्वयन गर्न सनसेट



काठमाडौं/सरकारले पूर्वाधार विकास आयोजनाहरुलाई तीव्रगतिमा कार्यान्वयन गर्ने उद्धेश्यसहित सनसेट ल तयार गरेको छ । यससम्बन्धि अध्ययन तथा सुझाव तयार पार्ने समितिले विद्यमान कानुनहरुमा रहेका विकास निर्माणका अवरोधकारी प्रावधानहरुको समीक्षा गरी सुधारका प्रस्ताव तयार गरेको हो । समिति संयोजक तथा राष्ट्रिय योजना आयोग सदस्य अर्जुनजंग थापाका अनुसार वन ऐन, वातावरण संरक्षण ऐन, जग्गाप्राप्ति ऐनलगायत विभिन्न कानुनमा रहेका प्रक्रियागत् तथा कानुनी जटिलताका कारण विकास आयोजना वर्षौंसम्म रोकिने अवस्था अन्त्य गर्न सनसेट लमार्फत् आवश्यक संशोधन प्रस्ताव गरिएको हो ।

सोमबार कार्यक्रममा थापाले कानुनी सुधारसँगै कार्यान्वयनका क्रममा देखिने अवरोधहरु समाधान गर्ने उद्धेश्य पनि प्रस्तावमा समेटिएको बताए । उनका अनुसार कतिपय अवस्थामा व्यक्तिविशेषको स्वार्थका कारणसमेत आयोजना लामो समयसम्म रोकिने गरेका छन् । पृथ्वी राजमार्ग विस्तार आयोजनालाई उदाहरण दिँदै थापाले सन् २०१८ देखि नै वातावरणीय तथा सामाजिक प्रभाव मूल्यांकन सम्पन्न गरी निर्माण सामग्रीको स्रोत र परिमाणसमेत स्पष्ट उल्लेख गरिए पनि स्थानीय तहबाट पुन: प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्थाका कारण कार्यान्वयनमा ढिलाइ भएको बताए ।

उनका अनुसार प्रस्तावित व्यवस्थाअनुसार कुनै आयोजनाको स्वीकृत ईआईएमा निर्माण सामग्रीको स्रोत र परिमाण स्पष्ट उल्लेख भएको अवस्थामा पुन: छुट्टै आईईई गर्न नपर्ने व्यवस्था गरिदैंछ । वनक्षेत्र उपयोग तथा रुख कटानसम्बन्धि प्रक्रिया वर्षौंसम्म लम्बिने अवस्था अन्त्य गर्न सम्बन्धित निकायले तीन महिनाभित्र निर्णय दिनुपर्ने प्रस्ताव गरिएको छ । यदि तोकिएको अवधिभित्र निर्णय नभए प्रधानमन्त्रीको अध्यक्षतामा रहने निर्देशक समितिले आवश्यक निर्णय गरी प्रक्रिया अगाडि बढाउनसक्ने व्यवस्था प्रस्ताव गरिएको थापाले बताए ।

उनका अनुसार कानुनसम्मत् रुपमा अघि बढेका आयोजनाहरु अनावश्यकरुपमा रोक्ने प्रवृत्ति अन्त्य गर्नु प्रस्तावको मुख्य उद्धेश्य हो । नवीकरणीय ऊर्जा तथा राष्ट्रिय निकुञ्ज वा संरक्षण क्षेत्रभित्र सञ्चालन हुने जलविद्युत् तथा अन्य पूर्वाधार परियोजनाका लागि पनि विशेष व्यवस्था प्रस्ताव गरिएको छ । नेपाल सरकारले रुपान्तरणकारी आयोजना घोषणा गरेका परियोजनाका सम्बन्धमा सम्बन्धित निकायले तीन महिनाभित्र निर्णय दिनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

निर्धारित अवधिमा निर्णय नगर्ने जिम्मेवार अधिकारीमाथि कारबाही हुने तथा निर्देशक समितिले प्रक्रिया अगाडि बढाउन सक्ने व्यवस्था पनि मस्यौदामा समेटिएको छ । प्रस्तावित मस्यौदामा गुठी ऐन, जग्गाप्राप्ति ऐन, विद्युत् ऐन, सार्वजनिक खरिद ऐनलगायत कानुनमा आवश्यक संशोधनका प्रस्तावहरु पनि समावेश गरिएको छ । सार्वजनिक खरिद प्रक्रियामा सहजीकरण गर्दै सडक विस्तारका क्रममा सार्नुपर्ने विद्युत् लाइन जस्ता कार्यका लागि लामो खरिद प्रक्रिया पूरा गर्नुपर्ने बाध्यता हटाइ छोटो प्रक्रियाबाट काम गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ ।

समितिले तयार गरेको प्रारम्भिक मस्यौदा यसै साता नेपाल सरकारलाई बुझाउने तयारी गरेको छ । त्यसपछि अर्थ मन्त्रालय, कानुन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, ऊर्जा मन्त्रालय तथा भौतिक पूर्वाधार मन्त्रालयलगायत सरोकारवाला निकायसँग छलफल गरी सुझाव समेटिनेछ । अन्तिम प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि संसद्मा प्रस्तुत गर्ने तयारी छ । सनसेट लको प्रस्तावित व्यवस्था अनुसार निर्माण आयोजनाका क्रममा जग खन्दा वा सडक कटान गर्दा निस्किने ढुंगा, गिट्टी तथा बालुवा त्यही आयोजनामा प्रयोग गरिने भए त्यसमा रोयल्टी नलाग्ने व्यवस्था गरिदैंछ । तर, त्यस्ता सामग्री अन्यत्र बिक्री वा प्रयोगका लागि लैजाने अवस्थामा सम्बन्धित स्थानीय तहलाई प्रचलित कानुनअनुसार रोयल्टी बुझाउनुपर्ने व्यवस्था कायम रहनेछ ।

हाल आयोजनास्थलमा प्रयोग हुने सामग्रीमा समेत रोयल्टी मागिने गरेका कारण विकास निर्माण प्रभावित भएको भन्दै प्रस्तावित व्यवस्थाले यस्तो व्यवहारिक समस्या समाधान हुनेछ । थापाले प्रस्तावित व्यवस्था रुल बाइ ल नभइ रुल अफ लको सिद्धान्तअनुसार तयार गरिएको स्पष्ट पारे । उनका अनुसार सनसेट लको उद्धेश्य कानुनलाई कमजोर बनाउने नभइ विकास निर्माणमा देखिएका अव्यवहारिक तथा दोहोरो प्रक्रियागत् अवरोध हटाउने हो । उनले विकास निर्माणमा सहजीकरण गर्नु राज्यका सबै तह र निकायको दायित्व भएको उल्लेख गर्दै कानुनसम्मत्रुपमा अघि बढेका आयोजनालाई अनावश्यकरुपमा रोक्न नपाइने तथा सम्बन्धित निकायले आवश्यक सहयोग गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको बताए ।

पूर्वसचिव केशबकुमार शर्माले पूर्वाधार निर्माणमा रहेका जटिलता हटाउन सरकारले छुट्टै कानुन ल्याउन सक्ने बताए । उनका अनुसार सरकारले पूर्वाधार क्षेत्रका लागि सरकारले छुट्टै इन्फ्रास्ट्रक्चर ल ल्याउन सक्छ । त्यो सम्भव नभए कानुनी संरचनामा रहेका अवरोध हटाउने उद्धेश्यले सनसेट ल ल्याउन सक्छ । प्रस्तावित सनसेट ल कुनै एक परियोजनाका लागि नभइ समग्र कानुनी संरचनामा रहेका अवरोध हटाउने लिगल फ्रेमवर्क सनसेट लका रुपमा आउनुपर्ने उनको भनाइ छ ।

निर्माण व्यवसायीले उठाउँदै आएको मूल्य समायोजनको विषयलाई अतिरिक्त रकमको मागका रुपमा बुझ्ननहुने उनले बताए । उनका अनुसार बजार मूल्य बढ्दा लागत बढेको अनुपातमा रकम समायोजन हुने र मूल्य घट्दा त्यसअनुसार घट्न सक्ने भएकाले यसलाई मूल्य वृद्धि नभई मूल्य समायोजन भन्नु उपयुक्त हुन्छ ।

मूल्य वृद्धि भन्ने शब्दले निर्माण व्यवसायी हरुले संधैं थप पैसामात्र मागिरहेका छन् भन्ने गलत सन्देश जाने भन्दै शर्माले लागत परिवर्तनअनुसार समायोजनलाई सहीरुपमा बुझ्नुपर्ने बताए । शर्माका अनुसार हालको ऐनले मूल्य समायोजनको विषय सम्बोधन गर्न कुनै अवरोध सिर्जना गरेको छैन ।

# सडकआश्रित मानवमुक्त बन्यो चितवन



हेटौंडा/चितवन सहयोगापेक्षी बेसहारा, अभिभावकविहीन सडकआश्रित मानवमुक्त जिल्ला घोषणा भएको छ । यसअघि जिल्लाका सात वटै पालिकालाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त घोषणा गरिएको थियो ।

मानवसेवा आश्रम चितवन शाखाको नारायणगढ, बेलचोकस्थित आफ्नै भवनमा विशेष कार्यक्रमको आयोजना गरी चितवन जिल्लालाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त घोषणा गरिएको हो । बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रतिबद्धतापत्र वाचन गरी चितवनलाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त जिल्ला घोषणा गरेका हुन् । घोषणा कार्यक्रमका प्रमुख अतिथि मुख्यमन्त्री बानियाँले तीन तहको सरकार (स्थानीय, प्रदेश र संघीय) ले घोषणालाई कार्यान्वयन गर्नुपर्ने र त्यसका लागि चुनौती पनि रहेको बताए ।

मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारीका अनुसार चितवन जिल्लाबाट हालसम्म ९ सय २१ जना सहयोगापेक्षीको उद्धार भएको छ । मानवसेवा आश्रम चितवन शाखा सञ्चालनमा आएको १० वर्ष भएको छ । '१० वर्ष अवधिमा भरतपुर महानगरपालिकाबाट ८ सय ५७, रत्ननगर नगरपालिकाबाट ६८, खैरहनी नगरपालिकाबाट ३४, राप्ती नगरपालिकाबाट २०, माडी नगरपालिकाबाट १०, इच्छाकामना गाउँपालिकाबाट १२ र कालिका नगरपालिकाबाट १० जना सहयोगापेक्षीहरुको उद्धार गरिएको छ,' अध्यक्ष अधिकारीले भने-पहिला चितवनका सबै पालिका घोषणा गरेर अनि जिल्ला घोषणा गरेका छौं ।

भरतपुर महानगरपालिका २०७६ कार्तिक ९ गते घोषणा गरिएको थियो । २०८२ भदौ २३ गते माडी नगरपालिका, २०८२ चैत २५ गते इच्छाकामना गाउँपालिका, २०८३ बैशाख ४ गते राप्ती नगरपालिका, २०८३ जेठ ८ गते खैरहनी नगरपालिका, २०८३ जेठ ७ गते रत्ननगर नगरपालिका र २०८३ जेठ १२ गते कालिका नगरपालिकालाई सहयोगापेक्षी सडकमानवमुक्त घोषणा गरिएको चितवन शाखा प्रमुख नीता केसीले जानकारी दिइन् ।

जिल्ला समन्वय समिति चितवन प्रमुख नारायणप्रसाद अधिकारीले घोषणासँगै चितवन जिल्लाका कुनै पनि सडकमा बेसाहरा, मानसिक सन्तुलन बिग्रिएका कोही पनि मानव देखिन नहुने बताए ।

घोषणा कार्यक्रमको सभाध्यक्षता गरेका अधिकारीले सबै पालिकाहरुले दत्तचित्त भएर लागेमा घोषणालाई सजिलै कार्यान्वयन गर्न सकिने बताए । भरतपुर महानगरपालिका कार्यबाहक मेयर चित्रसेन अधिकारीले चुनौतीका बाबजुद् पनि घोषणालाई कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जनाए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले रातिराति बजारका गल्लीहरु डुल्दै सहयोगापेक्षी मानवहरुको उद्धार गर्ने काम भइरहेको बताए । कालिका नगरपालिका प्रमुख बिनोद रेग्मी, इच्छाकामना प्रमुख दानबहादुर गुरुङ, खैरहनीका नगर प्रमुख शशि खनियाँ, माडी नगर प्रमुख ताराकुमारी काजी महतोलगायतले घोषणालाई कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जनाए ।

२०६९ भदौ १३ गते हेटौंडाबाट सुरू भएको मानवसेवा आश्रमले थालेको सडकमानवको उद्धारसहित पालनपोषणको कामले चितवन जिल्लालाई सहयोगापेक्षी सडक मानवआश्रित जिल्ला घोषणा गरिएको हो । चितवनको मानवसेवा आश्रममा हाल १ सय ५४ जना सहयोगापेक्षीहरु छन् । जसमा बालबालिका ६, महिला ७५ र पुरुष ७३ जना छन् । जिल्ला घोषणा हुनेमा चितवन दोस्रो स्थानमा छ । यसअघि मकवानपुर जिल्लालाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त घोषणा गरिएको थियो । मानवसेवा आश्रमको मुख्य कार्यालय पनि हेटौंडामा छ ।

मानवसेवा आश्रम सञ्चालनमा आएको १३ वर्ष पूरा भयो । मानवसेवा आश्रमले प्रतिदिन औसतमा तीन जना सहयोगापेक्षीहरुको उद्धार गरेको अध्यक्ष अधिकारीले बताए । १३ वर्षमा देशका ३३ जिल्लामा ३४ वटा शाखाहरु सञ्चालनमा छन् । हालसम्म देशभर १३ हजार ५ सय ८७ जना सहयोगापेक्षी सडकआश्रितको उद्धार भएको छ । जसको कोही छैन, जसको केही छैन । जो सडकमा आश्रित छन्, सडकमै खान्छन्, त्यहीं सुत्छन्, मनोसमस्याले ग्रसित छन् ।

# इलामको झल्को दिँदै ल्वाङको चियाबारि




कास्की/डाँडाभरि फैलिएको हरियो चियाबारि, पृष्ठभूमिमा टल्किरहेका अन्नपूर्ण र माछापुच्छे हिमाल, वरिपरि छरिएका परम्परागत् गुरुङ बस्ती र शान्त ग्रामीण परिवेश । यी सबै दृष्य एकै ठाउंमा देख्न पाइन्छ कास्कीको ल्वाङ गाउँमा ।

पछिल्ला वर्षहरुमा यही चियाबारि ल्वाङको पहिचानमात्र होइन, पर्यटन विकासको मुख्य आधार बनेको छ । पोखरा महानगरपालिका-२५, हेम्जाबाट खानेपानी, भेंडाबारि र खोलामुख हुँदै ल्वाङ गाउँ पुग्न सकिन्छ । पदयात्रा गर्नेहरुका लागि मर्दी खोलाको किनारैकिनार वनपाखा र भिर हुँदै करिब चार घण्टाको रमणीय यात्रा तय गर्न सकिन्छ ।

गाउँको माथिल्लो भागमा फैलिएको करिब एक हजार २ सय रोपनी क्षेत्रफलको चियाखेतीले यहाँ पुग्ने जोकोहीलाई पहिलो नजरमै आकर्षित गर्छ । हरियाली चियाका बोटबीचबाट देखिने हिमाली दृष्य र प्राकृतिक शान्त वातावरणले आगन्तुकलाई लामो समयसम्म त्यहीं रमाउन बाध्य बनाउँछ । स्थानीयका अनुसार ल्वाङको चियाबारिले पूर्वी नेपालको इलामको झल्को दिन्छ । तर, यहाँको चियाबारि केही विशेष पनि छ । ल्वाङमा चियाबारिसँगै अन्नपूर्ण र माछापुच्छे हिमालको दृष्य पनि एकैसाथ अवलोकन गर्न सकिन्छ । यही विशेषताले ल्वाङलाई अन्य ग्रामीण पर्यटन गन्तव्यभन्दा फरक पहिचान दिएको छ ।

यहाँ उत्पादन हुने चिया विदेशसम्म निर्यात हुँदै आएको छ । चियाखेतीले स्थानीयलाई रोजगारी र आम्दानीको स्रोत प्रदान गरेको छ भने पर्यटकका लागि नयाँ आकर्षण थपेको छ । विशेषगरि युवापुस्ताले सामाजिकसञ्जालमा चियाबारिका तस्बिर र भिडियो सार्वजनिक गर्न थालेपछि ल्वाङको लोकप्रियता बढेको स्थानीय बताउँछन् । ल्वाङको पर्यटन केवल चियाबारिमा सीमित छैन । गाउँमा पुग्ने पर्यटकले गुरुङ समुदायको संस्कृति, परम्परा र जीवन शैलीलाई नजिकबाट अनुभव गर्न पाउँछन् । परम्परागत् घर, स्थानीय भेषभुषा, सांस्कृतिक प्रस्तुति र आत्मीय आतिथ्यले यहाँको बसाइलाई थप स्मरणीय बनाउने गरेको छ । गाउँमा सञ्चालन भइरहेको घरबास (होमस्टे) ले पनि पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ । २०६७ मा सात घरबाट सुरु भएको घरबास सेवा हाल २६ घरमा विस्तार भइसकेको छ । एकै रातमा करिब ४ सय पाहुनालाई बसोबास गराउन सक्ने क्षमता रहेको घरबासमा पर्यटकीय याममा दैनिक ६ सय जनासम्म पर्यटक बस्ने गरेको घरबास सञ्चालक सदस्य देवराज गुरुङले बताए ।

'यहाँ मुख्यरुपमा आन्तरिक पर्यटक आउने गर्छन्, पोखरा, तनहुँ, स्याङ्जा, बागलुङलगायत जिल्लाबाट पर्यटकको आवागमन बढी हुन्छ,' उनले भने-कोभिड-१९ पछि विदेशी पर्यटक केही घटे पनि पोखराबाट नजिकको दुरीमा रहेकाले जुनसुकै मौसममा घुम्न आउनेको कमी छैन । घरबासमा बस्ने पर्यटकलाई स्थानीय जीवनशैलीसँग घुलमिल हुने अवसर प्रदान गरिन्छ । इच्छुक पाहुनालाई करेसाबारिमा लगेर खेतीपाती गर्ने तरिका सिकाइन्छ भने स्थानीय परिकार बनाउने विधि देखाइन्छ । यसले पर्यटकलाई ग्रामीण जीवनको वास्तविक अनुभव दिलाउने गरेको छ । ल्वाङको भान्सामा पनि स्थानीय उत्पादनलाई प्राथमिकता दिइन्छ । गाउँमै उत्पादन हुने मकै, कोदो, जौ, गहुँ र तरकारीबाट तयार गरिएका परिकार यहाँको विशेषता हुन् । बर्खायाममा निउरो र टुसाका परिकारले विशेष स्वाद थप्छन् ।

प्राकृतिक सौन्दर्यका कारण ल्वाङ चलचित्रकर्मीहरुको पनि रोजाइमा परेको छ । नेपाली चलचित्र *प्रसाद-२* र *दुई नम्बरी*लगायत चलचित्रको छायांकन यहाँ भइसकेको छ । चलचित्रमार्फत् गाउँको सुन्दरता राष्ट्रियस्तरमा थप प्रचार भएको स्थानीयको भनाइ छ । विदेशी रोजगारीका लागि गाउँ छाडेका केही युवा फर्किएर पर्यटन व्यवसायमा संलग्न हुन थालेका छन् । घरबास, चियाखेती, कृषि तथा पर्यटनसँग सम्बन्धित अन्य गतिविधिबाट गाउँमै रोजगारीका अवसर सिर्जना हुन थालेपछि युवामा नयाँ आशा जागेको छ । स्थानीयका अनुसार स्तरीय सडक, पदमार्ग, खानेपानी, होटल तथा अन्य पर्यटन पूर्वाधारको थप विकास गर्न सके ल्वाङले अन्तर्राष्ट्रियस्तरको ग्रामीण पर्यटन गन्तव्यका रुपमा अझ सशक्त पहिचान बनाउन सक्छ । हरियाली चियाबारि, हिमालको अनुपम दृष्य, गुरुङ संस्कृतिको जीवन्तता र आत्मीय आतिथ्यको संगमले ल्वाङ गाउँलाई गण्डकी प्रदेशकै महत्वपूर्ण ग्रामीण पर्यटन गन्तव्यका रुपमा स्थापित गराएको छ । प्रकृतिको काखमा बसेर ग्रामीण नेपालको मौलिक स्वाद लिन चाहनेहरुका लागि ल्वाङ एक अविष्मरणीय गन्तव्य बनेको छ ।

# महिला उद्यमीसँगै आत्मनिर्भरतर्फ



बागलुङ/जिल्लाको तमान गाउँका जमुना घर्तीलाई ढाकाका कपडा बुन्न भ्याइनभ्याइ छ । तमान खोला गाउँपालिका-३ मा रहेको महिला कल्याण आमा समूहको भवनमा विहानदेखि ढाकाको अस्कोट बुन्दै गरेकी घर्तीले आफूजस्तै १५ जना महिलाले हरेक दिन ढाकाका विभिन्न कपडा बुन्दै आएका बताइन् ।

ढाका उद्योगमार्फत् महिलालाई आत्मनिर्भर बनाउने पहल अन्तर्गत् तमानखोलाले महिलालाई ढाका उद्यमी बनाउनेदेखि उत्पादन खरिद गर्नेसम्मका काममा सघाउँदै आएको छ । ढाकाका सल, टोपी, गलबन्दी र अस्कोट बुन्ने र बिक्री मार्फत् यहाँका महिला आत्मनिर्भर बन्दै आएका छन् । महिलाले उत्पादन गरेका कपडा तमानखोला गाउँपालिका कार्यालयले खरिद गरी बिक्रीमा सहजीकरण गरिरहेको घर्तीले जानकारी गराइन् । करिब सात वर्ष पहिले म्याग्दीबाट आएका प्रशिक्षकमार्फत् गाउँमा ढाकाका कपडा उत्पादन गर्ने सिप सिकेका महिलालाई समूहमा आबद्ध गराएर थप व्यावसायिक बनाउन गाउँपालिकाले लगानी गरेको हो ।

महिलालाई व्यावसायिक, स्वरोजगार र उद्यमी बनाउन पालिकाले सात वर्ष पहिलेदेखि सिप सिकाउने, तान प्रदान गर्ने, समूहको भवन निर्माण गरिदिने, उत्पादित खरिद गरी बिक्रीमा सहजीकरण गर्नेलगायत काम गर्दै आएको छ । 'पालिकाले विभिन्न कार्यक्रम आयोजना गरिरहेको हुन्छ, ती कार्यक्रममा मायाको चिनोस्वरुप महिलाले उत्पादन गर्दै आएका सल, गलबन्दी प्रयोग गर्दै आएका छौं । ज्येष्ठ नागरिक सम्मान जस्ता कार्यक्रममा टोपी, गलबन्दी र अस्कोट प्रयोग गर्दै महिलाका उत्पादनको बजारीकरण गरिरहेका छौं,' पालिका उपाध्यक्ष हीराकुमारी छन्त्यालले भनिन् । गाउँपालिकाले सात वर्ष पहिले महिलाका लागि सिपमूलक तालिम दिनुका साथै आवश्यक सामग्री उपलब्ध गराउनुका साथै भवन बनाउन पनि सहयोग गरेको छन्त्यालले जानकारी दिइन् । उनका अनुसार हालसम्म सामग्री, भवन, प्रशिक्षणलगायत गतिविधिका लागि पालिकाले २५ लाख लगानी गरि सकेको छ ।

यहाँका महिलाले ढाकाका कपडा बुनेर मासिक ५० हजारसम्म आम्दानी गर्दै आएको उपाध्यक्ष छन्त्यालले जानकारी दिइन् । सुरुका दिनमा उत्पादन गरेका सामग्री बिक्री नभएर सास्ती भए पनि पछिल्लो समय पालिकाले खरिद गरिदिन थालेपछि महिला उत्साहित भएका घर्तीले बताइन् ।

महिला कल्याण आमा समूहको कोषाध्यक्षसमेत रहेकी उनले पालिकाको साथ र सहयोगले तमानगाउँका महिलालाई उद्यमी बनाउनुका साथै आत्मनिर्भर बनाउँदै लगेको धारणा राखिन् ।

# झोलामा बोकेर ल्याइन्छ क्यान्सरको औषधि

चितवन/क्यान्सरको उपचार गर्ने देशकै ठूलो वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा क्यान्सरको औषधि अभाव भएको छ । विश्वव्यापीरुपमा प्रभावित भएका क्यान्सर उपचारका केही औषधि अस्पतालमा नै अभाव भएका हुन् ।

अस्पतालको मेडिकल अंकोलोजी विभागका प्रमुख डा. गुरुशरण साहका अनुसार हाल विश्वव्यापीरुपमा क्यान्सर उपचारमा प्रयोग हुने महत्वपूर्ण औषधिहरुको अभाव देखिएको छ । अस्पतालमा पनि यसको प्रत्यक्ष असर परेको उनले बताए । उनले भने-औषधि अभावले केमोथेरापीको प्रभावकारिता घट्नेमात्र नभइ, बजारमा हुने अवैध ओसारपसार र गुणस्तरहीन औषधि प्रयोगले बिरामीको स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याइरहेको छ ।

हाल विशेषत: कार्बोप्लाटिन र सिसप्लाटिन भन्ने औषधिको अभाव देखिएको डा. साहले बताए । यो अभाव नेपालमा मात्र नभइ विश्वव्यापीरुपमै रहेको उनको भनाइ छ । उनले भने-यसको मुख्य कारण यी औषधिहरु बनाउन आवश्यक पर्ने एपीआई अर्थात् मुख्य तत्वहरुको विश्वव्यापी आपूर्तिमा कमी आउनु हो । निकट भविष्यमा अक्सालोप्लाटिनको पनि अभाव हुन सक्ने देखिन्छ । यी औषधिहरु क्यान्सरको केमोथेरापी योजना (प्लान) गर्दा एउटा मुख्य आधारका रुपमा प्रयोग हुने भन्दै डा. साहले भने-यी औषधिबिना केमोथेरापीको रेजिम पूरा हुँदैन र केमोथेरापीले देखाउनुपर्ने प्रभावकारितामा गम्भीर नकारात्मक असर परिरहेको छ । यसले गर्दा बिरामीहरु गुणस्तरीय उपचारबाट वञ्चित हुनुपरेको भन्दै उनले क्यान्सर निको हुने दरमा ह्रास आउन सक्ने चेतावनी दिए । कतिपय बिरामीले छिमेकी मुलुकबाट वा बाहिरका पसलहरुबाट औषधि ल्याइरहेको भन्दै उनले तर यस्ता औषधिहरु औषधि व्यवस्था विभागमा दर्ता नभएका, सिल तोडिएका र भन्सार छलेर ल्याइएका भेटिएको बताए ।

डा. साहले भने-सबभन्दा ठूलो जोखिम तापक्रमको छ । क्यान्सरका धेरैजसो औषधि २५ डिग्रीसेन्टिग्रेडभन्दा मुनिको तापक्रममा राख्नुपर्छ । तर, चितवन जस्तो गर्मी ठाउँमा ३६-३७ डिग्रीको तापक्रममा झोलामा बोकेर ल्याइने औषधिको प्रभावकारिता न्यून हुन्छ, जसले फाइदाभन्दा बढी बेफाइदा पुर्‍याउन सक्छ ।

अस्पतालमा डेकेयर र वार्ड गरी दैनिक झण्डै २ सय जना बिरामीले केमोथेरापी लिनुपर्ने भन्दै उनले कार्बोप्लाटिन र सिसप्लाटिन जस्ता मुख्य औषधिलाई अन्य औषधिले सहजै प्रतिस्थापन गर्न नमिल्ने बताए । उनले भने-औषधि नै नभएपछि हामीले उपचारमा केही सम्झौता गर्नुपर्ने बाध्यता छ, जसले उपचारको गुणस्तरमा असर पारिरहेको छ । धेरैजसो औषधिहरु अस्पतालमा बिमामार्फत् उपलब्ध गराउँदै आएको भए पनि केही बाहिरका औषधि पसलले अभाव भएका औषधिहरु (कार्बोप्लाटिन, सिसप्लाटिन) दिनका लागि अन्य सबै औषधि पनि आफ्नै पसलबाट किन्नुपर्ने सर्त राख्ने गरेको पाइएको उनको भनाइ छ ।

डा. साहले भने-यो बिरामीको अधिकार हनन् हो र यसले बिरामीलाई अनावश्यक आर्थिक बोझ थपेको छ । औषधि व्यवस्था विभाग र नेपाल सरकारले यस्तो अवैध ओसारपसार र बजारमा भइरहेको बेथितिको कडा अनुगमन गर्नुपर्ने उनको माग छ । अस्पतालका निवर्तमान कार्यकारी निर्देशक डा. शिवजी पौडेलले कार्बोप्लाटिन र सिसप्लाटिनको सप्लाइ ६ महिनाअघि नै बन्द भएको भन्दै अस्पतालमा सिसप्लाटिन ३ महिना अघिसम्म आधा बिरामीलाई पुग्ने स्टकमा भए पनि त्यसपछि नरहेको जानकारी दिए ।


डा. पौडेलले भने-कार्बोप्लाटिन जेठ २ सम्मलाई पुग्ने हामीसँग स्टकमा थियो, त्यो पनि सकिएको छ । आफूहरुले सप्लाई गर्ने कम्पनीले नै कच्चापदार्थका कारण देखाउँदै उत्पादन बन्द भएको पत्र आफूहरुलाई पठाएको उनको भनाइ छ ।

हाल अर्को बंगलादेशी कम्पनीबाट केही सप्लायर्सले नेपालका लागि २-३ महिनाका लागि पुग्ने औषधि आयात भएको भन्दै अब अस्पतालमा आउने अपेक्षा उनले गरे ।









आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको
dbf kfpgxf . स्थान: रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

# बागमती प्रदेश सांसदले मागे प्रधानमन्त्रीको राजीनामा

सन्देश संवाददाता



हेटौंडा/बागमती प्रदेश सभामा प्रधानमन्त्री बालेन्द्र शाहको अभिव्यक्तिलाई लिएर सांसदहरुले आक्रोश पोखेका छन् । सोमबार बागमती प्रदेश सभा बैठकमा सांसदहरुले प्रधानमन्त्रीको अभिव्यक्ति प्रति आक्रोश पोखेका हुन् ।

उनीहरुले प्रधानमन्त्री जस्तो जिम्मेवार व्यक्तिले रोष्टमबाट गैर-जिम्मेवार अभिव्यक्ति दिएको भन्दै प्रधानमन्त्री शाहको राजीनामा मागेका हुन् ।

प्रदेश सभा बैठकको विशेष समयमा आफ्नो धारण राख्दै अधिकांश सांसदहरुले प्रधानमन्त्रीको राजीनामा माग गरेका हुन् । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सांसद गंगानारायण श्रेष्ठले नेपालले भारतको भूमि कहाँ मिचेको हो ? भन्ने जवाफ प्रधानमन्त्रीले दिनुपर्ने बताए । आफू काठमाडौं महानगर पालिकाको मेयर हुँदा कार्यकक्षमा विशाल नेपालको नक्सा टाँसेका प्रधानमन्त्रीले आज नेपालले भारतको सीमा मिचेको कुरा गर्नु गैरजिम्मेवारीपन भएको बताए ।

'एक ठाउँ दुई ठाउँ होइन, नेपालले भारतको धेरै ठाउँमा सीमा मिचेको रहेछ भनेर गम्भीर आरोप लगाउनुभयो, श्रेष्ठले भने, 'धेरैठाउँ भनेको २७ सिमावर्ती जिल्लामा फैलिएको १८ सय ८० क्षेत्रफलमध्ये नेपालले कहाँ कति सीमा मिचेको हो ? अनि कुन कुन ठाउँ हो ? भारतीयले त गौतम बुद्ध जन्मिएको लुम्बिनी पनि भारतकै हो भन्छन् । कालापानी, लिपुलेख र लिम्पीयाधुरा पनि भारतकै हो भनिरहेका छन् । के यो सत्य हो त प्रधानमन्त्रीज्यु ?'

नेकपा बागमती प्रदेश सभाका सचेतक रत्नप्रसाद ढकालले पनि प्रधानमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने बताए । उनले प्रधानमन्त्रीको यो अभिव्यक्ति लाई सामान्य लिन नहुने बताए । जसलाई प्रधानमन्त्रीको बोली सामान्य लागेको छ उसलाई अलिकति पनि नेपालप्रतिको माया र नेपालीपन छैन भन्ने प्रष्ट हुने ढकालले बताए ।

'नेपालको राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता र सार्वभौमिता प्रति देशको नेतृत्कर्ता अभिभावकले प्रतिनिधि सभाको रोष्टममा बोलेको प्रति सिंगो नेपाली स्तब्ध छन्, ढकालले भने, 'एकपटक फेरी राष्ट्रियताका लागि प्रधानमन्त्रीज्युले नाडी छाम्न खोजीरहनु भएको छ । उहाँलाई थाहा हुनुपर्ने हो २०१६ देखि २०१८ सम्म अंग्रेजहरुसँग विर गोर्खालीहरुले लडेर सुगौली सन्धी पछि नेपाल बचेको थियो । संसदको नियमावलीभन्दा बाहिर गएर भारत खुसी बनाउन दिएको अभिव्यक्ती खेदजनक छ ।'

त्यसोत, नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले पनि प्रधानमन्त्रीको अभिव्यक्ति रियरसल जस्तो मात्र भएको बताए । भारतले अहिलेसम्म हाम्रो भूमि मिचियो भनेर नबोलेको अवस्थामा प्रधान मन्त्रीले रोष्टमबाट यस्तो अभिव्यक्ति दिनु इतिहासमा कालो धब्बा पोत्नुभएको नेता थपलियाले बताए । विश्वसामु छिमेकी मुलुकको सीमा मिच्ने देश भनेर दर्ज गराउनु ठिक नभएको थपलियाको भनाइ छ ।

'प्रधानमन्त्री ज्युलाई सम्पूर्ण नेपालीहरु माफ सदनमार्फत माफ माग्नुहुन अनुरोध गर्दछु, नेता थपलियाले भने, 'बागमती प्रदेश सभामा पनि प्रधानमन्त्रीको अभिव्यक्ति प्रति खेद प्रस्ताव पारित गर्न अनुरोध गर्दछु । राष्ट्रियताको सवालमा सिंगो सदन एकजुट होस् ।'

नेपाली कांग्रेसका सांसद मदुकुमार श्रेष्ठले प्रधानमन्त्रीले नेपालले भारतको भूमी मिचेको छ भनेर भारतले नेपालको मिचेको भूमी बराबर गराउन खोजेको आरोप लगाएका छन् । प्रधानमन्त्रीले आफू देशको नेतृत्वमा छु भन्ने बिर्सेर मेयर कै हैसियतमा धारणा राखेको उनले बताए ।

'सार्वभौमसत्ता सम्पन्न देशको प्रधानमन्त्री भएर नेपालको भूमी मिचरहेको छ भन्ने थाहा हुँदा हुँदै उल्टै भारतको भूमी नेपालले मिचेको छ भन्ने प्रधानमन्त्रीको भनाइ प्रति भत्सर्ना गर्दछु, श्रेष्ठले भने, 'प्रतिनिधि सभा जस्तो गरिमामय रोष्टममा उभिएर नेपालले भारतको धेरै भूभाग मिचेको छ भन्ने अभिव्यक्ति कसलाई खुसी बनाउन राखिएको हो ?' सांसद श्रेष्ठले पनि सदनले प्रधानमन्त्रीको अभिव्यक्ति प्रति खेद प्रस्ताव पारित गर्न अनुरोध गरे ।

नेपाली कांग्रेसका सांसद पुकार महर्जनले पनि प्रदेश सभा बैठकबाट प्रधानमन्त्रीको राजीनामा माग गरेका छन् । प्रधानमन्त्रीको विवादास्पद अभिव्यक्तिले सीमा क्षेत्रमा विवाद र झगडा निम्त्याउन सक्ने सांसद महर्जनले बताए। प्रधानमन्त्रीका कारण राष्ट्रिय सुरक्षामाथि खतरा हुनसक्ने उनले बताए ।

'आजसम्म भारतीय मिडिया र भारतीय उच्चपदस्थले नेपालले हाम्रो भूमी मिच्यो भनेको छैन, महर्जनले भने, 'हाम्रो प्रधानमन्त्रीलाई नेपालको भन्दा भारतको चिन्ता धेरै देखियो । बजेट बनाउँदा पनि नेपाली नागरिको भान्सासम्ममा करको बोझ थपिदिएको सरकारको अब कसरी विश्वास गर्न सकिन्छ ?'

नेकपाकी सांसद सुस्पा भुजेलले प्रधानमन्त्रीको बोलीले नेपालीको शिर निहुरिहेको बताइन् । प्रदेश सभा बैठकको विशेष समयमा आफ्नो धारण प्रस्तु गर्दै उनले संगीतको धुन सुनेर सरकारमा पुगेको सरकारले राष्ट्रप्रति माया नदेखाएको बताएकी हुन् । 'तँपाई मिठो संगीतको धुन सुनेर आउनुभयो, हामी इतीहास बनाएर आयौं, भुजेलले भनिन्, 'हामी न्यायका लागि बम, बन्दुक र बारुदको आवाज सुनेर आयौं । त्यसैले तँपाईलाई न नेपालको माया छ । न त राष्ट्रप्रेम नै । त्यसैले प्रधानमन्त्रीले हामी सबैको शिर निहुराउने काम गर्नुभयो ।

*साभार: नेपाली साहितय संगम*

# पर्यटकीय ढुंगेगढीमा सैनिक-नागरिक सम्बन्ध सुदृढ

सन्देश संवाददाता



**हेटौंडा/नेपालको ऐतिहासिकरुपमा मकवानपुरमा रहेको पर्यटकीय क्षेत्र ढुंगेगढीमा खानेपानी सुबिधा विस्तार गर्दै सैनिक-नागरिक सम्बन्ध सुदृढ बनाउने उद्धेश्यले नेपाली सेनाले निर्माण गरेको ढुंगेधारा तथा ५ हजार लिटर क्षमताको पानीट्यांकी मकवानपुरगढी गाउँपालिकालाई हस्तान्तरण गरिएको छ ।**

नेपाली सेनाका अनुसार निर्माण गरिएको ढुंगेधारा तथा पानीट्यांकीबाट ढुंगेगढी भ्रमणमा आउने पर्यटक, काली मन्दिरमा दर्शनका लागि पुग्ने श्रद्धालु भक्तजन तथा स्थानीयले स्वच्छ खानेपानी सुबिधा प्राप्त गर्नेछन् । यसले क्षेत्रको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ । ऐतिहासिक महत्व बोकेको ढुंगेगढी क्षेत्रको पूर्वाधार विकाससँगै स्थानीय आवश्यकता सम्बोधन हुने र नेपाली सेना तथा नागरिकबीच सम्बन्धलाई थप प्रगाढ बनाउन आयोजनाले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

नेपाली सेनाद्वारा सञ्चालित शीघ्र प्रभावी आयोजनाअन्तर्गत् गोरखबहादुर गणले मकवानपुरगढी गाउँपालिका-२, ढुंगेगढीमा निर्माण सम्पन्न गरेको उक्त संरचना मध्यपृतना मुख्यालयका पृतनापति उपरथी विष्णुकुमार खड्काले पालिकालाई औपचारिकरुपमा हस्तान्तरण गरेका हुन् । कार्यक्रममा पृतनापति उपरथी खड्काले ऐतिहासिक तथा धार्मिक महत्व बोकेको ढुंगेगढी क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा स्थानीय समुदायको आवश्यकतालाई सम्बोधन गर्न नेपाली सेना सदैंव प्रतिबद्ध रहेको बताए । उनले यस्ता आयोजनाले स्थानीय र सेनाबीचको सम्बन्ध अझ बलियो बनाउने विश्वास व्यक्त गरे ।

हस्तान्तरण कार्यक्रममा मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्यांतान, नम्बर ७ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी विक्रम गुरुङ, वडा नम्बर-२ का अध्यक्ष बखानसिंह पाखिन, गोरखबहादुर गणका गणपति प्रमुख सेनानी रवीन्द्रकुमार श्रेष्ठ, ७ बाहिनी अड्डाका प्रमुख सेनानी झलक लामा, सशस्त्र प्रहरी बल नम्बर १४ गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक नवीनकुमार खड्का, इलाका प्रहरी कार्यालय मकवानपुरगढीका प्रहरी निरीक्षक धर्मेशकुमार यादब, ढुंगेगढी टोलविकास समिति अध्यक्ष सुधार जित गोले, नेपाल पत्रकार महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारीलगायत स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी तथा सर्वसाधारणको उपस्थिति थियो ।

मकवानपुरको ढुंगेगढी (मकवानपुरगढी) सेन वंशीय राजाहरुको पालामा निर्मित ऐतिहासिक तथा पुरातात्विक महत्वको गढी हो । यहाँको प्राकृतिक सुन्दरता र ऐतिहासिकताका कारण यो आन्तरिक तथा वाह्य पर्यटकका लागि एक प्रमुख गन्तव्य बनेको छ । सेन वंशका राजा तुला सेनको पालामा निर्माण गरिएको मानिने यस गढी आधुनिक नेपालको एकीकरण हुनुपूर्वको सामरिक तथा ऐतिहासिक विरासत हो । नेपाली सेनाले मिर कासिमका फौजलाई पराजित गरेको रणनीतिक स्थानका रुपमा पनि यसको छुट्टै गरिमा छ । गढी क्षेत्रमा प्रसिद्ध गढीमाई मन्दिरको मूल मन्दिरसमेत रहेकाले यहाँ धार्मिक पर्यटकको घुइँचो लाग्ने गर्दछ ।

हेटौंडाबाट ढुंगेगढी (मकवानपुरगढी) पुग्न करिब २० देखि २५ किलोमिटर दुरी पार गर्नुपर्छ । सडक मार्ग हुँदै हेटौंडा बजारबाट गाडी वा मोटरसाइकलमार्फत् सजिलै पुग्न सकिन्छ ।

# भरतपुर विमानस्थलमा रात्रिकालीन उडान




सन्देश संवाददाता

**चितवन/आगामी आर्थिक वर्ष २०८३/०८४ मा चितवनको भरतपुर विमानस्थललाई स्तरोन्नति रात्रिकालीन उडान सञ्चालन गरिने भएको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा आगामी आवका लागि बजेट प्रस्तुत गर्दै भरतपुर विमानस्थलको स्तरोन्नति गर्दै रात्रिकालीन उडान सञ्चालन गर्ने जनाएका हुन् ।**

**अर्थमन्त्री वाग्लेले प्रस्तुत गरेको आगामी आवको बजेटमा चितवनका विभिन्न योजनाहरुलाई समेटिएको छ ।**

**'सिचाई पूर्वाधार विकासतर्फ नारायणी सिचाई आयोजना पुन:स्थापनाका लागि बजेट विनियोजन गरेको छु,' बजेट प्रस्तुत गर्दै डा. वाग्लेले भने-नारायणी, गण्डक, कोशी पम्पलगायत सिचाई प्रणालीको मर्मतसम्भार तथा पुन:स्थापनाका लागि ४४ करोड विनियोजन गरेको छु । उनले सडक पूर्वाधारतर्फ पृथ्वी राजमार्गको मुग्लिन आँबुखैरेनी खण्ड निर्माण कार्य सुरु गर्ने जनाएका छन् ।**

**मुग्लिन पोखरा सडक विस्तारका क्रममा आँबुखैरेनीबाट पोखरासम्म ठेक्का लगाएर काम भइरहेको छ ।**

# ‘चुनौती’ मा खोजियो २,२०० केजी फोहोर



सन्देश संवाददाता

**हेटौंडा/विश्व वातावरण दिवस २०८३ को सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् हेटौंडा उपमहानगर पालिकाको सहयोग, टोलविकास संस्था नगर समन्वय समितिको आयोजना तथा टोलविकास संस्था वडा समन्वय समिति हेटौंडा-८ को व्यवस्थापनमा आयोजित ‘फोहोर खोज चुनौती’ सम्पन्न भएको छ ।**

**हेटौंडा-८ मा आयोजित कार्यक्रममा १९ वटा टोलविकास संस्थाका ३८ वटा समूहको सक्रिय सहभागिता थियो । सहभागी समूहले आफ्नो क्षेत्रबाट अजैविक फोहोर संकलन गरी जम्मा २ हजार २ सय केजी फोहोर व्यवस्थापनका लागि संकलन गरेका छन् ।**

**प्रतियोगिताको नतिजाअनुसार कालिका टोलविकास संस्था प्रथम, विकास टोल द्वितीय तथा मनकामना टोल तृतीय भएका छन् । कालिका टोल, मनकामना टोल, विन्दबासिनी टोल र सिर्जना टोल सान्त्वना स्थान हासिल गर्न सफल भएका छन् । प्रतियोगितामा प्रथम हुने समूहलाई १० हजार, द्वितीयलाई ७ हजार ५ सय, तृतीयलाई ५ हजार तथा सान्त्वना प्रत्येक समूहलाई २ हजार ५ सय पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । उक्त पुरस्कारहरु विश्व वातावरण दिवस (जेठ २२ गते) आयोजित विशेष समारोहमा वितरण गरिने कार्यक्रम छ ।**

**कार्यक्रममा सहभागी टोलविकास संस्था, स्वयम्सेवक तथा स्थानीयले वातावरण संरक्षण, फोहोर व्यवस्थापन र सरसफाइ अभियानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रमले समुदायस्तरमा वातावरणीय चेतना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकको भनाइ छ ।**

**टोलविकास संस्था नगर समन्वय समिति अध्यक्ष ध्रुवप्रसाद अधिकारीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेशसभा सदस्य एकलाल श्रेष्ठ प्रमुख अतिथि थिए । कार्यक्रममा हेटौंडा उपमहानगर पालिका वडा-८ का सदस्य गोरख राय, नगर समन्वय समिति सचिव तथा कार्यक्रम संयोजक सुशीला मल्ल, वडा समन्वय समिति अध्यक्ष कुमार केसीलगायतको आतिथ्यता थियो ।**

**कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठले वातावरण संरक्षणका लागि समुदायस्तरबाट सञ्चालन गरिएका यस्ता अभियानले नागरिकमा जिम्मेवारीबोध गराउने र स्वच्छ समाज निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने बताए । उनले वातावरण संरक्षणलाई व्यवहारमा उतार्न सबै पक्षको सहकार्य आवश्यक रहेको उल्लेख गरे । कार्यक्रमका अधिकारीले प्लास्टिकजन्य तथा अन्य अजैविक परहेको बताउँदै स्वच्छ, हरियाली र प्लाष्टिकमुक्त हेटौंडा निर्माणका लागि निरन्तरता दिनुपर्ने धारणा व्यक्त गरे ।**

# चेपुवा परेका किसान र उपभोक्तालाई हाटबजार




काभ्रे/कृषि जन्यबस्तुको बजार बिचौलियाको हातमा गएपछि चेपुवा परेका किसान र उपभोक्तालाई सहज हुने गरी पाँचखाल नगर पालिकाले साप्ताहिक कृषि हाटबजार सुरु गरेको छ । नगरपालिकाले शुक्रबारदेखि हरेक शुक्रबार र शनिबार २ दिन हाटबजार सञ्चालनमा ल्याएको हो ।

कृषिको हब मानिने पाँचखालको उत्पादनमा बिचौलियाको रजगज चल्दा केही समयअगाडि आलु प्रतिकिलो ५ रुपियाँमा बेच्नुपरेको थियो । हाटबजार सञ्चालनपछि बिचौलियाको समस्या टर्दै जाने तथा किसानको भाउअनुसार उपभोक्ताले पनि सस्तोमा तरकारीलगायत कृषिजन्य उत्पादन खरिद गर्न पाउने दाबी गरिएको छ ।

पाँचखाल नगरपालिकाको आयोजना, स्थानीय कृषि बजार सञ्चालक, व्यवस्थापन समिति पाँचखालको सहआयोजना तथा पाँचखाल-४ वडा कार्यालयको समन्वयमा हाटबजार सञ्चालनमा ल्याइएको हो । वडा अध्यक्ष सुन्दर लामाले कृषिउपज संकलन तथा पाँचखाल चोकस्थित बोहोरेदोभान जाने बाटोमा बजार सञ्चालनमा ल्याइएको बताए । उनका अनुसार कृषि हाटबजारमा किसानले आफ्ना उत्पादनहरु सोझै उपभोक्तालाई बेच्न सक्नेछन् ।

पाँचखालमा शुक्रबार पहिलो र दोस्रो दिनमै किसान र उपभोक्ताको उत्साहजनक सहभागिता रहेको देखिएको थियो । हाजबजारमा विशेषगरि अर्ग्यानिक तरकारीको प्रदर्शनी तथा बिक्रीवितरण भइरहेको छ । हाटबजारमा अर्ग्यानिक तरकारीको प्रदर्शनी तथा बिक्रीवितरण नियमित गराइने लामाले बताए । यसअघि बैशाख अन्तिम साता पाँचखाल नगरले कृषि-सहरको नारालाई सार्थकता दिन कृषिउपज प्रवर्द्धन गर्ने उद्धेश्यले २ दिने कृषि मेलाको आयोजना गरेको थियो । नगर कार्यालयले लवग्रीन नेपालसँगको सहकार्यमा आयोजना गरेको मेलामा करिब २० हजारले अवलोकन गरेका थिए । उक्त मेलामा आईपीएम प्रविधिबाट उत्पादन भएका कृषिउपजको प्रदर्शनी तथा बिक्री, बाली शिविर सञ्चालन, कृषिउपजको प्रतिस्पर्धात्मक कार्यक्रमसेमत सञ्चालन गरिएको थियो ।

पाँचखाल नगर प्रमुख महेश खरेलले पाँचखाल नगर कृषि सहर भएकाले यहाँको तरकारीमा न्यून विषादीमा रहेको तर्क गरे । उनले भने-पाँचखालको तरकारीमा अत्यधिक विषादी भएको भनेर हल्ला चलाइए पनि केही वर्षदेखि पाँचखालको तरकारी सेमी आर्ग्यानिक भएको छ, विषादीको भ्रम चिर्न हामीले अर्ग्यानिकमा जोडबल गरिरहेका छौं । किसानको मागलाई सम्बोधन गर्न नगरले स्थानीय उत्पादनको बजारीकरणमा टेवा पुऱ्याउने बताउँदै किसानलाई प्रोत्साहन गर्न २ दिने साप्ताहिक कृषि हाटबजार सञ्चालनमा ल्याइएको उनले बताए । यसअघि जिल्लाको बनेपा नगरले विगत २ वर्षदेखि बनेपास्थित लायकु मञ्चमा तथा जिल्लाकै मण्डनदेउपुर नगरको पर्यटकीयस्थल नगरकोटमा शुक्रबार अर्ग्यानिक कृषिजन्य हाटबजार सञ्चालन गर्दै आएका छन् ।

# टुँडिखेललाई आकर्षक बनाउन ‘दुबोरोपण अभियान’

सन्देश संवाददाता

**काठमाडौं/राजधानीको ऐतिहासिक तथा खुला सार्वजनिक क्षेत्र टुँडिखेललाई थप हरियाली, व्यवस्थित र वातावरणमैत्री बनाउने उद्धेश्यसहित सञ्चालन गरिएको टुँडिखेल हरियाली कार्यक्रमअन्तर्गत् दुबो रोप्ने काम सुरु गरिएको छ । काठमाडौं महानगरपालिका, नेपाली सेना तथा सम्बन्धित निकायहरुको समन्वयमा टुँडिखेलको खुला क्षेत्रमा दुबो रोप्न थालिएको हो । वर्षौंदेखि धुलो उड्ने, घाँसविहीन र केही स्थानमा उजाड देखिने टुँडिखेललाई हराभरा बनाउने अभियानअन्तर्गत् दुबो रोप्ने कार्य अघि बढाइएको जनाइएको छ ।**

**कार्यक्रमअन्तर्गत् टुँडिखेलको विभिन्न भागमा हरियो दुबो विस्तार गरिने छ । यसले टुँडिखेलको सौन्दर्य बढाउनुका साथै धुलो नियन्त्रण, वातावरणीय सन्तुलन कायम गर्न तथा सर्वसाधारणलाई स्वच्छ र र मणीय खुला स्थान उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । सम्बन्धित निकायका अनुसार दुबो रोपिसकेपछि नियमित सिचाईं, संरक्षण र व्यवस्थापनको काम पनि गरिने छ । वर्षायाम सुरु हुन लागेकाले हालको समय दुबो रोप्न उपयुक्त भएकाले कामलाई तीव्रता दिइएको बताइएको छ ।**

**टुँडिखेल काठमाडौं उपत्यकाको प्रमुख खुला क्षेत्रका रुपमा परिचित छ । यहाँ राष्ट्रिय समारोह, सांस्कृतिक कार्यक्रम, खेलकुद गतिविधि तथा सर्वसाधारणको दैनिक घुमफिर हुने गरेको छ । पछिल्ला वर्षहरुमा टुँडिखेलको संरक्षण, सौन्दर्यीकरण र खुला क्षेत्रको उपयोगितालाई थप प्रभावकारी बनाउन विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन् । हरियाली कार्यक्रम अन्तर्गत् सुरु गरिएको दुबोरोपण नागरिकमैत्री खुला क्षेत्रका रुपमा विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।**

# बजेट कार्यान्वयन हुँदा ७४ खर्ब ५८ अर्बको कुल ग्राहस्थ्य उत्पादन

सन्देश संवाददाता

**काठमाडौं/अर्थमन्त्री स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन हुँदा ७४ खर्ब ५८ अर्बको कुल ग्राहस्थ्य उत्पादन पुग्ने प्रक्षेपण गरिएको बताएका छन् । सोमबार नेपाल आर्थिक पत्रकार संघले बजेटपछिको अन्तर्क्रियामा अर्थमन्त्री वाग्लेले पाँच वर्षको समयावधिलाई दृष्टिगत् गरी बजेट ल्याइएको बताउँदै आगामी वर्ष करिब १६ खर्ब राजस्व संकलन गर्ने लक्ष्य राखिएको बताए । उनले प्रक्षेपित कुल गार्हस्थ्य उत्पादन ७४ खर्बका आधारमा सात प्रतिशत् आर्थिक वृद्धि कायम गर्न सकिने विचार व्यक्त गरे ।**

**कुल गार्हस्थ्य उत्पादनको तुलनामा ऋण ४३ प्रतिशत् बढी धेरै नहुने बताउँदै अर्थमन्त्री वाग्लेले आगामी वर्षको बजेटमा पुराना कार्यक्रमको दायित्व रहेको त्यसलाई सरकारले निरन्तरता दिने जानकारी दिए । अर्थमन्त्री वाग्लेले विद्युत्मा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) बाट सरकार पछाडि नहट्ने बताउँदै अन्तिम उपभोक्तालाई मारमा नपर्ने गरी विभिन्न विकल्पमा छलफल भइरहेको जानकारी दिए । मन्त्री वाग्लेले आयमा आधारित करभन्दा उपभोगमा आधारित कर प्रभावकारी हुने तथा उपलब्धि हासिल गर्न सकिने भएकाले त्यसतर्फ कार्यक्रम अगाडि बढाइएको प्रष्ट पारे । नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरु पौडेलले वैदेशिक मुद्रासञ्चितिको आधार विप्रेषण रहेको बताउँदै यसलाई दीगो बनाउन स्वदेशी वस्तु उत्पादन तथा निर्यातमा जोड दिए । नेपाल चेम्बर अफ कमर्स अध्यक्ष कमलेश अग्रवाल, नेपाल उद्योग परिसंघ अध्यक्ष वीरेन्द्र पाण्डे, नेपाल उद्योग वाणिज्य महासंघ उपाध्यक्ष नरेशलाल श्रेष्ठ र संघ अध्यक्ष मेनुका कार्कीले बजेटको कार्यान्वयनमा जोड दिए**

# मनमोहक कल्याणटार

जी. न्यौपाने

हेटौंडा/मनै लोभ्याउने हेटौंडा-१२ कल्याणटार । हेटौंडा उपमहानगरपालिका-११ नम्बर वडादेखि १२ नम्बर वडा जोड्ने २१५ मिटर लम्बाइको राप्ती पुल (जसलाई भाइरल पुलको नामले पनि चिन्ने गरिन्छ) कटेपछि आउँछ आल्दमार ।

त्यहाँबाट भोर्ले, हात्तीगौँडा पनि जान सकिन्छ भने पुलको छेउमै पर्छ गुरौबिर्ता, सानो कल्याणटार, सिक्रेनी । नजिकै मगर टोल भनेर चिनिने ठाउँ छ भने त्यही नजिकै पर्छ कल्याणटार, जहाँ वर्षमा ३ बाली धान फल्ने खेतहरू छन् । करिब १६० घरधुरी रहेको कल्याणटारमा प्रायले अरूको खेत कमाएका छन् । ३ बाली धान वर्षमा भित्रिन्छ, स्थानीय तथा त्रिभुवन मा.वि.का व्यवस्थापन समिति सदस्य समेत रहेका बद्री लम्साल बताउँछन् । खानलाई धान हुन्छ, वरिपरि करेसाबारीमा तरकारी फल्छ । कतै कोदोको खेती पनि देख्न सकिन्छ, लम्सालले गाउँबारे जानकारी दिए ।

राप्ती खोलाको छेउ चारैतिर हरियाली देखिन्छ । कसैले व्यावसायिक रूपमा कुखुरा पालेका छन् । कतिले तरकारी खेती, धान, कोदो, मकै खेती गरेको पाइन्छ । पानी प्रशस्त भएकोले उब्जनी राम्रो छ, खानलाई समस्या छैन यहाँको बासिन्दालाई, लम्सालको दाबी छ । बजारदेखि नजिकै भएकोले यातायातको सुविधा राम्रो छ । प्राय सबैतिर बाटो निर्माण भएकोले मयुरी, अटो, म्याजिक घरघरमै पुग्छ । लम्साल भन्छन्, “यहाँको मानिसको मुख्य पेसा खेतीकिसानी हो । धेरै मानिस सरकारी, गैरसहकारी कार्यालयहरूमा जागिरे छन् ।

## सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनाधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

*सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने